मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

मर्यादित महिनावारी प्रवर्द्धन कार्यक्रम प्राथमिकतामाः मन्त्री वादी

बाँकी पृष्ठ २ मा



वर्ष ४ | अंक २३३ | २०८३ साल असार २७ गते शनिबार | Saturday 11, July 2026 | सूर्योदय: बिहान ०५:१९ बजे | सूर्यास्त: साँझ ०७:०३ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## बजेटमा चार सातादेखि उल्झन




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि बजेट सार्वजनिक गरेको करिब चार साता बितिसक्दा पनि प्रदेश सभाबाट पारित गर्ने प्रक्रिया अघि बढ्नसकेको छैन । सत्ता र प्रतिपक्षबीच सहमति हुन नसक्दा असार १४ गतेदेखि प्रदेश सभाको बैठक निरन्तर अवरुद्ध छ भने बजेटमाथिको छलफलसमेत रोकिएको छ।

मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकारले ल्याएको बजेट अर्थमन्त्री युवराज भट्टराईले प्रदेश सभामा प्रस्तुत गरेपछि छलफल सुरु भएको थियो । तर प्रतिपक्षी दलहरूले बजेटप्रति असन्तुष्टि जनाउँदै बैठक अवरुद्ध गरेपछि प्रदेश सभाको कामकारबाही पटक–पटक प्रभावित हुँदै आएको छ।

हाल प्रदेश सरकार नेपाली कांग्रेस, नेकपा एमाले र नेकपाको समर्थनमा सञ्चालन भइरहेको छ। प्रतिपक्षमा रहेका जनता समाजवादी पार्टी (नेपाल), जनमत पार्टी र राप्रपा नेपालले बजेटसँगै लोक सेवा आयोग र जनलोकपालमा गरिएका नियुक्तिमाथि प्रश्न उठाउँदै छानबिनको माग गरेका छन् । उनीहरूले बजेटमा आवश्यक संशोधन नभएसम्म सदन सञ्चालन हुन नदिने अडान दोहोर्‍याएका छन्।

पूर्वमुख्यमन्त्री तथा जसपा नेपालका नेता लालबाबु राउतले सरकारले सीमित समूहको स्वार्थ र आर्थिक चलखेललाई प्राथमिकता दिएर बजेट ल्याएको आरोप लगाएका छन् । उनका अनुसार विकासको आवश्यकता भन्दा पनि राजनीतिक प्रभाव र आर्थिक स्वार्थलाई केन्द्रमा राखेर योजना छनोट गरिएको छ ।प्रतिपक्षी दलहरूले मुख्यमन्त्री तथा मन्त्रीहरूले आफ्ना निर्वाचन क्षेत्रलाई प्राथमिकता दिएको, साना–साना योजनालाई एउटै शीर्षकमा समेटेर जनतालाई भ्रमित पार्ने प्रयास भएको तथा बजेट कमिसनमुखी देखिएको दाबी गरेका छन्।

विशेष अनुदानअन्तर्गत प्रदेशका १ सय ३६ वटै स्थानीय तहमा समान प्रकृतिको पोषण कार्यक्रम समावेश गरिएको विषय पनि विवादको केन्द्र बनेको छ । जसपा नेपालका प्रदेशसभा सदस्य उपेन्द्र महतोले पोषण सामग्री वितरणका लागि छुट्याइएको १२ करोड ४० लाख रुपैयाँ आवश्यकताका आधारमा नभई पहुँच र सेटिङका आधारमा बाँडिएको आरोप लगाएका छन्।

यता सरकारले भने प्रतिपक्षका आरोप अस्वीकार गरेको छ । सत्तापक्षका अनुसार बजेट सरोकारवाला र विभिन्न पक्षसँग छलफलपछि तयार गरिएको हो । केही विपक्षी दल आफ्ना क्षेत्रमा योजना नपरेको असन्तुष्टि र उपभोक्ता समितिमार्फत पुरानै अभ्यास कायम राख्न दबाब दिने उद्देश्यले सदन अवरुद्ध गरिरहेको सरकारको दाबी छ।

अर्थमन्त्री युवराज भट्टराईले संवादमार्फत समाधान खोज्ने प्रयास जारी रहेको बताउँदै आवश्यक परे विभिन्न दलका नेताले माग गरेका योजनाको विवरणसमेत सार्वजनिक गर्न सरकार तयार रहेको बताएका छन्। उनले आवश्यक सुधारका विषयमा सरकार लचक रहेको र छिट्टै सहमति जुट्ने विश्वास व्यक्त गरेका छन् । मधेश प्रदेशमा बजेट पारित गर्ने क्रममा यसअघि पनि राजनीतिक विवाद देखिने गरेको भए पनि यसपटकको लामो गतिरोधले विकास आयोजना, सरकारी कार्यक्रम तथा वित्तीय व्यवस्थापनमा प्रत्यक्ष असर पर्ने चिन्ता बढाएको छ । प्रदेश सभाबाट बजेट पारित हुन नसक्दा नयाँ आर्थिक वर्षका कार्यक्रम कार्यान्वयन, बजेट खर्च र प्रशासनिक गतिविधिसमेत अन्योलमा परेका छन् । त्यसैले अब सत्ता र प्रतिपक्षबीच हुने संवादको निष्कर्षलाई प्रदेशभर चासोका साथ हेरिएको छ।

- **खर्च ५६ प्रतिशतमा सीमित**

मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८२÷८३ को असार २६ गतेसम्म कुल विनियोजित बजेटको ५६.३१ प्रतिशत मात्रै खर्च गरेको छ । प्रदेश सरकारको कुल ४६ अर्ब ९८ करोड रुपैयाँ बजेटमध्ये २६ अर्ब ४६ करोड रुपैयाँ खर्च भएको अर्थमन्त्रालयले जनाएको छ । प्रदेश सरकारका अनुसार चालु खर्चतर्फ १५ अर्ब ६४ करोड रुपैयाँ विनियोजन गरिएकामा ९ अर्ब ४९ करोड रुपैयाँ अर्थात् ६०.६९ प्रतिशत खर्च भएको छ।

त्यस्तै, पुँजीगततर्फ ३१ अर्ब ३४ करोड रुपैयाँ बजेटमध्ये १६ अर्ब ९७ करोड रुपैयाँ अर्थात् ५४.१२ प्रतिशत खर्च भएको छ । खर्च विवरणले आर्थिक वर्षको अन्तिम चरणमा खर्चको गति उल्लेखनीय रूपमा बढेको देखिन्छ । जेठ १३ गतेसम्म प्रदेश सरकारले कुल ८ अर्ब ७६ करोड रुपैयाँ अर्थात् १८.६४ प्रतिशत मात्र बजेट खर्च गरेको थियो।

त्यसयता करिब डेढ महिनाको अवधिमा खर्च १७ अर्ब ७० करोड रुपैयाँभन्दा बढीले वृद्धि भई असार २६ गतेसम्म २६ अर्ब ४६ करोड रुपैयाँ पुगेको हो।

## प्रशासकीय अधिकृतलाई निलम्बन गर्न माग





**मधेशदृष्टि**
**रौतहट।**
मौलापुर नगरपालिकाकी नगर प्रमुख रिनाकुमारी साहले प्रमुख प्रशासकीय अधिकृत सुरेशबाबु घिमिरेलाई निलम्बन गरी छानबिन तथा कानुनी कारबाही गर्न नेपाल सरकारसँग माग गरेकी छन्।

शुक्रबार जारी विज्ञप्तिमा नगर प्रमुख साहले प्रमुख प्रशासकीय अधिकृत घिमिरे लामो समयदेखि कार्यालयमा अनुपस्थित रही आर्थिक वर्षको विकास निर्माण र जनसेवा चौपट पारेको आरोप लगाइएको छ।

विज्ञप्तिमा नगर प्रमुखलाई जानकारी नदिई गरिएको भनिएको रकम निकासीलाई गम्भीर आर्थिक अनियमितता तथा भ्रष्टाचारजन्य कार्यको संज्ञा दिँदै त्यसमा संलग्नमाथि कानुनबमोजिम कारबाही हुनुपर्ने माग गरिएको छ । नगर प्रमुख साहले मौलापुर नगरपालिकामा देखिएको समस्या समाधानका लागि सङ्घीय सरकार तथा सम्बन्धित निकायले तत्काल आवश्यक हस्तक्षेप गर्नुपर्ने आवश्यकता औँल्याएकी छन्।

उता प्रमुख प्रशासकीय अधिकृत घिमिरेले भने नगरपालिकाले आवश्यक कार्यविधि नै नबनाई नगरवासीको २० करोड रुपैयाँभन्दा बढी विद्युत् महसुल भुक्तानी गर्न दबाब दिएको दाबी गरेका छन्।

नगर प्रमुखले आफूमाथि लगाएका आरोपको खण्डन गर्दै घिमिरेले कार्यालयमा नियमित रूपमा हाजिर गर्न गए पनि अन्य काम गर्न नपाएको बताएका छन्।

नगर प्रमुखका पक्षबाट पटक–पटक धम्की तथा दबाब आउने गरेको उनको भनाइ छ । यस विषयमा सम्बन्धित निकायबाट औपचारिक छानबिन प्रक्रिया भने अघि बढिसकेको जानकारी सार्वजनिक भएको छैन।

## युवकद्वारा आत्मदाहको प्रयास



**मधेशदृष्टि**
**सर्लाही।**
गोडैता नगरपालिका–१० सिसौटियाका ३४ वर्षीय विवेक मण्डलले बिहीबार दिउँसो घरबाट निस्किएपछि सडकमा पुगेर शरीरमा पेट्रोल खन्याई आगो लगाएको प्रहरीले जनाएको छ।

उनलाई प्रादेशिक अस्पताल मलंगवामा सामान्य उपचारपछि थप उपचारका लागि हेलिकोप्टरमार्फत काठमाडौँ लगिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता तथ डिएसपी वेदप्रसाद गौतमले जानकारी दिए।

घरमा सामान्य विवाद भएपछि विवेक घरबाट निस्किएका थिए । त्यसपछि सडकमा पुगेर उनले शरीरमा पेट्रोल खन्याई आगो लगाएका थिए । स्थानीयवासी र प्रहरीको सहयोगमा तत्काल उद्धार गरी उपचारका लागि अस्पताल पुर्‍याइएको थियो । विवेकको मानसिक अवस्था केही समयदेखि असन्तुलित रहेको प्रहरीले जनाएको छ।

विवेकले बीएससी उत्तीर्ण गरेका थिए । उनले करिब डेढ वर्ष निजी क्षेत्रमा जागिर गरेका थिए भने पछिल्ला दुई वर्षदेखि घरमै बस्दै आएका थिए। साथै, आफ्नो वडामा सञ्चालन हुने विकास निर्माणका कामको गुणस्तरबारे चासो राख्ने, अनुगमन गर्ने तथा ठेकेदार वा उपभोक्ता समितिका प्रतिनिधिसँग बेला–बेला विवाद गर्ने गरेको एक स्थानीयले बताए । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

## त्रिभुवन राजपथको मध्यविन्दुको विवाद समाधान




**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको घण्टाघर क्षेत्रस्थित त्रिभुवन राजपथको मध्यविन्दु निर्धारणलाई लिएर देखिएको विवाद अन्ततः समाधान भएको छ।

जिल्ला प्रशासन कार्यालय पर्सामा प्रमुख जिल्ला अधिकारी भोला दाहालको उपस्थितिमा बसेको सर्वपक्षीय छलफलले एलाइन्मेन्ट निर्धारणबारे सर्वसम्मत निर्णय गरेको हो । वीरगंज–घण्टाघर–त्रिभुवन राजपथको मध्यविन्दुबाट पूर्व र पश्चिमतर्फ २५–२५ मिटर सडक फराकिलो गर्ने क्रममा घण्टाघरको उत्तर र दक्षिणतर्फ चिनो लगाएपछि स्थानीयस्तरमा विवाद उत्पन्न भएको थियो।

विवाद समाधानका लागि आयोजित छलफलमा २०४६÷०४७ सालको नापी नक्सालाई आधार मानेर घण्टाघरदेखि उत्तरतर्फ गण्डकसम्म र दक्षिणतर्फ मितेरी पुल–माइस्थान हुँदै घण्टाघरसम्म रहेको त्रिभुवन राजपथको एलाइन्मेन्टलाई जोड्ने विषयमा सहमति भएको छ । निर्णयअनुसार दुवैतर्फबाट घण्टाघर र नेपाल दूरसञ्चार कार्यालयको बीचबाट आउने करिब ८.६ मिटर चौडाइको विद्यमान सडकलाई आधार मानेर एलाइन्मेन्ट कायम गरिनेछ।

सरोकारवालाबीच भएको उक्त सहमतिसँगै लामो समयदेखि विवादमा रहेको घण्टाघर क्षेत्रको मध्यविन्दु निर्धारणको विषय टुंगिएको छ।

यसैबीच वीरगंजमा सडक विस्तार अन्तर्गत सडक सीमाभित्र रहेका संरचना हटाउने अभियान शुक्रबार पनि निरन्तर जारी रहेको छ । यसअघि गण्डकदेखि मुर्ली हुँदै घण्टाघरसम्म सडक सीमाभित्र रहेका घर, टहरा, पर्खाल तथा अन्य संरचना हटाइएको थियो । सोही अभियानलाई निरन्तरता दिँदै सडक विस्तारको काम अहिले नारायणी अस्पताल, मालपोत चोक हुँदै अगाडि बढाइएको छ।

सडकको २५–२५ मिटर सीमाभित्र परेका संरचना डोजर प्रयोग गरी हटाउने कार्य भइरहेको छ । सडक डिभिजन कार्यालय हेटौँडाको नेतृत्वमा नेपाल प्रहरी, सशस्त्र प्रहरी, नगर प्रहरी लगाय समेतको सक्रियतामा अभियान सञ्चालन भइरहेको छ।

### आवश्यकता

विगत ४ वर्षदेखि नियमित प्रकाशित भइरहेको मधेश प्रदेशको प्रतिनिधि अखबार ‘मधेशदृष्टि दैनिक’लाई तपसिल बमोजिमका सहकर्मी चाहिएकाले इच्छुक नेपाली नागरिकले साउन १० गतेभित्र हस्तलिखित आवेदन तथा हस्तलिखित नमूना समाचारसहित आवश्यक कागजपत्र इमेल गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**पदः** जिल्ला संवाददाता
**संख्याः** प्रत्येक जिल्लामा १ जना
**आवश्यक जिल्लाहरुः** सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाहि
**न्युनत योग्यताः** प्रवीणता प्रमाण पत्र तह उत्तीर्ण भएर पत्रकारिता गरिरहेको या एसएलसी (एसइइं) उत्तीर्ण भइ कम्तीमा ३ वर्ष पत्रकारितामा क्रियाशील।
**थप क्षमताः** नेपाली भाषामा समाचार टाइप गर्न, इमेल गर्न, फोटोसप चलाउन र रिलयुक्त भिडियो खिच्न सक्ने, रेडियो वीरगंज तथा टिभी वीरगंजमा घटनास्थलबाट प्रत्यक्ष प्रसारण गर्न सक्ने।
**आवश्यक कागजपत्रः** नेपाली नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र र पत्रकारिता तालिमका प्रमाणपत्रका प्रतिलिपि
**पारिश्रमिकः** आपसी सहमतिमा तय हुनेछ।
(मधेशका महिला, अल्पसंख्यक, दलित, सिमान्तकृत र पछाडि पारिएको समूहबाट प्राप्त आवेदनलाई उच्च प्राथमिकता दिइनेछ।)
निवेदन madheshdristi@gmail.com मा इमेल गर्नुहोला।



# स्वास्थ्य संस्थाबाटै संक्रमण फैलने जोखिम



**जनकपुरधाम।**
मधेश प्रदेशका सरकारी अस्पतालहरूमा फोहोर व्यवस्थापन गम्भीर समस्या बनेको देखिन्छ। हालै प्रकाशित एउटा समाचारअनुसार अस्पतालहरूमा संक्रामक फोहोर थुप्रिने, वर्गीकरण नगरी एउटै ठाउँमा जम्मा गरिने, नगरपालिकाले त्यसलाई सामान्य फोहोरसँगै नदी किनार वा खुला ठाउँमा फाल्ने र जलाउने गरेको छ। यस्तो अभ्यासले अस्पताललाई उपचारस्थलभन्दा संक्रमण फैलाउने स्रोत बनाउँछ।

अस्पतालजन्य फोहोर व्यवस्थापनको यस्तो गलत अभ्यास मधेश प्रदेशमा सीमित भने छैन। राजधानीकै कतिपय अस्पतालहरूमा फोहोर व्यवस्थापन उपयुक्त ढङ्गले हुनेगरेको छैन भन्ने गुनासो सुनिन्छ भने निजी अस्पतालहरूलगायत देशभर नै अस्पतालबाट निस्कने फोहोरको सही व्यवस्थापन हुँदैन। सरोकारवालाहरू विशेषगरी अस्पताल क्षेत्रका बासिन्दा यस समस्याबाट पीडित छन्।

अस्पतालको फोहोर व्यवस्थापन सरसफाइको सामान्य समस्या नभएर जनस्वास्थ्य, वातावरण र सुशासनको गम्भीर संकट पनि हो। कतिपय अस्पतालहरूमा फोहोर व्यवस्थापनका लागि करोडौं रुपैयाँ खर्च गरेर बनाइएका अटोक्लेभ, वेस्ट म्यानेजमेन्ट सेन्टर र अन्य संरचना भए पनि तिनीहरू प्रयोगविहीन छन्। तर, कतै उपकरण बिग्रिएका छन्, कतै सञ्चालन गर्ने जनशक्ति त छन् तर अधिकांशले आवश्यक तालिम पाएका हुँदैनन्।

अर्को चिन्ताजनक पक्ष अस्पतालभित्र फोहोर छुट्ट्याइए पनि अन्तिम संकलनमा फेरि सबैलाई एकै ठाउँमा मिसाइने प्रवृत्ति हो। यसले फोहोर व्यवस्थापनका सबै मापदण्डलाई कागजमा सीमित बनाइदिएको छ र यो अव्यवस्थाको सबैभन्दा चर्को मूल्य सरसफाइकर्मीहरूले चुकाउनुपर्छ।

जथाभावी फालिएका सुईले घोच्ने डर, पर्याप्त सुरक्षा सामग्री नपाउने र संक्रमणको जोखिमबीच काम गर्न बाध्य हुनुले राज्य जनस्वास्थ्यप्रति संवेदनशील नरहेको स्पष्ट हुन्छ। बिरामीको उपचार गर्ने स्वास्थ्य संस्थाहरू आफ्नै कर्मचारीको सुरक्षाप्रति यति लापरबाह हुनु गैरजिम्मेवारीको पराकाष्ठा हो। यो गम्भीर नैतिक र प्रशासनिक असफलताको उदाहरण हो।

नेपालमा स्वास्थ्य संस्थाजन्य फोहोर व्यवस्थापनका लागि कानुन, निर्देशिका र मापदण्डको अभाव भने छैन। संविधानले स्वच्छ वातावरणको हक सुनिश्चित गरेको छ। जनस्वास्थ्य सेवा ऐन, वातावरण संरक्षण ऐन र स्वास्थ्य संस्थाजन्य फोहोर व्यवस्थापनसम्बन्धी मापदण्डले यसको सुरक्षित व्यवस्थापन अस्पताल, प्रदेश सरकार र स्थानीय तहको जिम्मेवारी भएको स्पष्ट तोकेका छन्।

अर्थात्, समस्या नीतिमा होइन कार्यान्वयन र शासन शैलीमा देखिन्छ। जिम्मेवारी कसैले लिन नचाहने, अनुगमन कमजोर हुने र अत्यावश्यक बजेट तथा जनशक्तिलाई प्राथमिकता नदिने प्रवृत्तिले संकटलाई झन् गहिरो बनाएको हो। यस्तो अवस्थालाई सधैँ सामान्य प्रशासनिक कमजोरी मानेर टार्न मिल्दैन।

स्वास्थ्य संस्था जन्य फोहोर व्यवस्थापन सरसफाइको विषयमात्र होइन। यो त नागरिकको जीवन र स्वास्थ्यसँग जोडिएको राज्यको दायित्व हो। उपचार गर्ने संस्थाबाटै संक्रमण फैलिने अवस्था कायम रहनु राज्यका लागि लाजमर्दोमात्र नभएर प्रत्युत्पादक पनि हो। यसैले अब परिणामप्रति जवाफदेही हुनुपर्ने व्यवस्था गरिनुपर्छ। संघ, प्रदेश र स्थानीय सरकारहरू आआफ्नो दायित्वप्रति सजग हुनुपर्छ।

सबैभन्दा पहिले त प्रत्येक अस्पतालमा स्रोतमै फोहोरको अनिवार्य वर्गीकरणलाई प्रभावकारीरूपमा लागु गर्नुपर्छ। अटोक्लेभ तथा अन्य उपकरण नियमित सञ्चालनमा ल्याउनुपर्छ भने सरसफाइकर्मीलाई पर्याप्त तालिम तथा सुरक्षा सामग्री उपलब्ध गराउनुपर्छ।

यसैगरी फोहोर व्यवस्थापनका लागि जिम्मेवार स्थानीय तहले स्वास्थ्यजन्य फोहोरका लागि छुट्टै उपयुक्त व्यवस्थापन प्रणाली विकास गर्नुपर्छ। अहिलेजस्तै लापरबाही भइरहने र सरकारहरू उदासीन नै रहने हो भने कुनै पनि बेला भयावह सङ्क्रमण फैलन सक्छ। रासस

# आदिवासी जनजाति आयोगको २५ बुँदे संविधान संशोधन प्रस्ताव

**ललितपुर।**
आदिवासी जनजाति आयोगले संविधानमा अस्पष्ट प्रावधानलाई समयानुकूल परिमार्जन गर्दै समावेशी, न्यायपूर्ण र प्रभावकारी शासन व्यवस्था सुनिश्चित गर्न २५ बुँदे सुझाव सार्वजनिक गरेको छ।

आदिवासी जनजाति आयोगले संविधान संशोधनका लागि तयार पारेका २५ बुँदे सुझाव सार्वजनिक गर्दै सङ्घीयता, समानुपातिक समावेशिता, गणतन्त्र, धर्मनिरपेक्षता तथा सांस्कृतिक विविधतालाई समावेश गर्दै आदिवासी जनजातिका संवैधानिक अधिकारलाई थप प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता औँल्याएको छ।




बिहीबार पुल्चोकमा आयोजित पत्रकार सम्मेलनमा आयोगका अध्यक्ष रामबहादुर थापामगरले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त संविधान संशोधनसम्बन्धी सुझाव मागका आधारमा आयोगले आफ्नो धारणा तयार गरी सरकारसमक्ष बुझाएको जानकारी दिए।

अध्यक्ष थापामगरले नेपालको संविधान, २०७२ ले समेट्न नसकेका वा अस्पष्ट रहेका केही प्रावधानलाई स्पष्ट र पूर्ण बनाउन आवश्यक रहेको उल्लेख गर्दै 'जेनजी आन्दोलन'ले समेत संविधान संशोधनको आवश्यकता उजागर गरेको बताए। उनले संविधान अपरिवर्तनीय दस्तावेज नभई समय, परिस्थिति, जनआकाङ्क्षा तथा सामाजिक–राजनीतिक परिवर्तनअनुसार परिमार्जन गरिनुपर्ने मूल कानुन भएको धारणा व्यक्त गरे।

आयोगले आदिवासी जनजातिका लिपिमा लेखिएका सबै भाषालाई सरकारी कामकाजको भाषाका रूपमा मान्यता दिनुपर्ने, प्रदेश सरकारले तोकेका आदिवासी जनजातिका भाषामा राष्ट्रिय गान गाउन सकिने व्यवस्था गर्नुपर्ने, प्रत्येक समुदायको भाषा र संस्कृतिको संरक्षणको जिम्मेवारी राज्यले नै लिनुपर्नेलगायतका सुझाव दिएको छ।

त्यसैगरी, स्वायत्त क्षेत्रलाई पनि सरकारको एउटा तहका रूपमा संवैधानिक मान्यता दिनुपर्ने, राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुख, राष्ट्रियसभाका अध्यक्ष तथा उपाध्यक्षजस्ता उच्च संवैधानिक पदमा फरक–फरक लिङ्ग र समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने प्रस्ताव गरेको छ। आयोगले ती पदहरूमा खसआर्य, आदिवासी जनजाति, मधेशी, दलित वा मुस्लिम समुदायबाट क्रमशः प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्ने सुझाव दिएको छ। रासस

# एक वर्षमा १० भारतीयसहित १६ जनाको लेक लागेर मृत्यु



**मुस्ताङ।**
हिमाली जिल्ला मुस्ताङमा चालु आर्थिक वर्ष २०८२–०८३ को एक वर्षमा लेक लागेर दश भारतीय नागरिकसहित १६ जनाको मृत्यु भएको छ। प्रदेश अस्पताल जोमसोमका अनुसार चालु वर्षको साउनदेखि हालसम्म मुस्ताङ भ्रमणमा आएकामध्ये दश भारतीय, पाँच नेपाली र एक जना मेक्सिकोका नागरिकको पर्वतीय 'हाईअल्टिच्युड'का कारण लेंक लागेर निधन भएको हो।

गत भदौ र असोजमा एक–एक, कात्तिकमा तीन, मङ्सिरमा दुई, चैतमा दुई, वैशाखमा चार र जेठ महिनामा तीन जनाको लेक लागेर ज्यान गएको मेडिकल सुपरिटेन्डेन्ट डा समीक्षा कँडेलले जानकारी दिए। हाईअल्टिच्युडका कारण लेक लागेर मृत्यु हुनेमा ५० वर्षदेखि ८४ वर्ष उमेर समूह पर्यटक तथा तीर्थयात्री रहेको उनले जानकारी दिए। गत आव २०८१–०८२ मा लेक लागेर नौ जनाको मृत्यु भएको थियो। त्यस आर्थिक वर्षमा पाँच भारतीय, तीन नेपाली र एक जना अमेरिक नागरिकले लेक लागेर ज्यान गुमाएका हुन्। मुस्ताङ पुगेका पर्यटक तथा तीर्थयात्रीले स्वास्थ्य सुरक्षामा आवश्यक सावधानी नअपनाउँदा मानवीय क्षति हुन पुगको हो।

देश तथा विदेशका समथर ठाउँबाट हिमाली जिल्लामा यात्रा गर्ने पर्यटक तथा दर्शनार्थीलाई हाईअल्टिच्युडका कारण अक्सिजनको लेवल कम भई लेक लाग्ने समस्या देखिन गरेको डा. कँडेलले बताए।

मुस्ताङ आउने पर्यटकमध्ये शारीरिक रूपले अशक्त, ज्येष्ठ नागरिक र दीर्घरोगका नियमित औषधि सेवन गर्ने पर्यटकलाई हाईअल्टिच्युडको जोखिम उच्च रहने गरेको छ।

हाईअल्टिच्युडको जोखिम न्यूनीकरणका लागि मुस्ताङमा एक्याप, प्रदेश स्वास्थ्य कार्यालय, अस्पताल, स्थानीय निकाय, मुक्तिनाथ विकास समिति र सुरक्षा निकायले पर्यटक सचेतनामूलक होर्डिङ बोर्ड, पर्चा पम्प्लेट वितरण लगायतका कार्य गर्दै आइरहेका छन्। म्याग्दी र मुस्ताङको सीमानाका घाँसादेखि लेते, खन्ती, मार्फा, जोमसोम, कागबेनी र मुक्तिनाथलगायतका स्थानमा हाईअल्टिच्युडसम्बन्धी सचेतनामूलक बोर्ड राखिएको छ। मुस्ताङ प्रवेश गर्ने पर्यटकलाई होल्डिङ गर्दै यात्रा गराउन पर्नेमा मुक्तिनाथ पु¥याइँदा लेक लाग्ने जोखिम बढेको हो।

अस्पतालले तीर्थयात्री तथा पर्यटकलाई यातायात व्यवसायी, पर्यटन व्यवसायी र ट्राभल एजेन्सीले हाईअल्टिच्युडका सम्बन्धमा समयमै ज्ञान दिलाउन पर्ने आवश्यकता औँल्याइएको छ। पर्यटकको स्वास्थ्य रक्षाका लागि प्रदेश अस्पताल जोमसोम र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाले मुक्तिनाथ मन्दिर परिसरमा हाईअल्टिच्युड उपचार केन्द्र स्थापना गरी सञ्चालनमा ल्याएको छ।

मुक्तिनाथ विकास समितिका व्यवस्थापक दिनेश भुसालका अनुसार मुक्तिनाथ मन्दिरमा अक्सिजनसहित दुई जना हेल्थ असिस्टेन परिचालित भईरहेको जानकारी दिए। रासस

# वर्षायामसँगै अन्नपूर्ण पदमार्गमा पर्यटक घटे



**लमजुङ।**
वर्षायाम सुरु भएसँगै विश्वप्रसिद्ध अन्नपूर्ण पदमार्गमा विदेशी पर्यटकको आगमन घटेको छ। पर्यटकीय याममा दैनिक ५०० देखि ६०० जनासम्म पर्यटक आउने पदमार्गमा यतिबेला दैनिक पाँचदेखि १५ जना आउने गरेका छन्।

धारापानीस्थित अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच तथा सूचना केन्द्रका इन्चार्ज भूपेन्द्र गुरुङका अनुसार वर्षायाम सुरु भएसँगै पर्यटकको आगमन घटेको हो।

पर्यटकीय यामको अन्त्यतिर दैनिक ५०–६० जनासम्म पर्यटक आउने गरे पनि असार लागेपछि कुनै दिन एक–दुई, कुनै दिन १०–१५ जनासम्म पर्यटक आउने गरेका उनले जानकारी दिए।

गुरुङका अनुसार चालु आर्थिक वर्षको साउन १ गतेदेखि यही असार २५ गतेसम्म अन्नपूर्ण पदमार्गमा ४० हजारभन्दा बढी विदेशी पर्यटक भित्रिएका छन्।

यो सङ्ख्या अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा करिब एक हजार ५०० ले बढी हो। तर वर्षायाम सुरु भएसँगै पर्यटक आगमन भने घटेको उनको भनाइ छ। गत जेठमा दुई हजार ७७५ जना पर्यटक पदमार्गमा आएका थिए भने असार २५ गतेसम्म ८०० जना मात्रै आएका उनले जानकारी दिए।

मस्र्याङ्दी गाउँपालिका–४ जगतका होटल व्यवसायी पञ्चबहादुर गुरुङका अनुसार पर्यटक आगमन घटेसँगै होटल व्यवसायको आम्दानीमा पनि असर परेको छ। पर्यटकीय याममा महिनाको रु ५०–६० हजारसम्म आम्दानी हुने जनाउँदै उनले अहिले त्यसको एकतिहाइ बराबर कमाइ हुन नसकेको बताए।

'पहिले व्यापार धान्नै मुस्किल हुन्थ्यो, अहिले भने फुर्सदै फुर्सद छ', उनले भने, 'पर्यटक आउँछन्, फोटो खिच्छन् र फर्किन्छन्। आम्दानी निकै घटेको छ।'

होटल व्यवसायी गुरुङका अनुसार पर्यटन व्यवसायबाट जीविकोपार्जन गर्ने व्यवसायी याममा कमाएको आम्दानीकै भरमा अहिलेको समय धानिरहेका छन्। पर्यटक घटेसँगै होटल, लज, रेष्टुरेण्ट, भरिया, पथप्रदर्शक तथा यातायात व्यवसायीसमेत प्रभावित भएका उनको भनाइ छ।

बुङ झरना नजिकै होटल व्यवसाय सालन गरिरहेका खुसबहादुर तामाङले वर्षायाममा व्यवसाय सुस्ताएको बताए। सडकको अवस्था, बाढीपहिरोको जोखिम र यात्राको असहजताका कारण पर्यटकले यात्रा गर्न नचाहँदा आगमनसँगै कमाइ पनि घटेको उनको भनाइ छ।

'सडक सुरक्षित हुँदा समूह–समूहमा पर्यटक आइरहन्थे। अहिले वर्षाका कारण जोखिम बढेपछि पर्यटक आउन डराउने अवस्था छ', उनले भने। बेँसीसहर–चामे सडकमा वर्षायाममा बाढीपहिरोको जोखिम बढ्ने भएकाले अन्नपूर्ण पदमार्गको यात्रा चुनौतीपूर्ण हुने गरेको छ।

सडक डिभिजन कार्यालय लमजुङका सूचना अधिकारी नवीन विस्तारका अनुसार असारदेखि असोजको पहिलो सातासम्म सडकमा बाढीपहिरोको जोखिम बढी रहने गर्दछ। सडक अवरुद्ध हुन नदिन विभिन्न स्थानमा उपकरणसहित जनशक्ति तयारी अवस्थामा राखिएको उनले बताए।

सामान्य अवस्थामा सडक सञ्चालनमा रहे पनि निरन्तर वर्षा वा ठूलो पहिरो खसेमा यात्रा प्रभावित हुनसक्ने सूचना अधिकारी विस्तारको भनाइ छ। विश्वकै उत्कृष्ट पदमार्गमध्ये एक मानिने अन्नपूर्ण पदमार्ग हुँदै पर्यटकले लमजुङ, मनाङ, कास्की, मुस्ताङ र म्याग्दीका प्राकृतिक तथा सांस्कृतिक सम्पदाको अवलोकन गर्ने गर्दछन्।

यस पदमार्गको प्रवेशद्वार लमजुङको बेँसीसहर हो। पर्यटन व्यवसायीले वर्षायाम समाप्त भई मौसममा सुधार आएपछि पर्यटक आगमन पुनः पुरानै अवस्थामा फर्किने अपेक्षा गरेका छन्। रासस

# सात हजारभन्दा बढी मेट्रिक टन मल वितरण

**नेपालगञ्ज।**
चालु आव २०८२/८३ मा बाँकेका सबै स्थानीय तहमा कोटा प्रणालीअनुसार अहिलेसम्म सात हजार ६५४ दशमलव सात मेट्रिक टन रासायनिक मल वितरण गरिएको छ। वितरण गरिएका रासायनिक मलमध्ये सबैभन्दा बढी युरिया चार हजार ८१९ दशमलव छ मेट्रिक टन, डिएपी दुई हजार ६२८ दशमलव ४५० मेट्रिक टन र पोटास २०६ दशमलव ६५० मेट्रिक टन रहेको कृषि सामग्री कम्पनी लिमिटेड, नेपालगञ्जले जनाएको छ।



कम्पनीमा अझै पनि ३५६ दशमलव १०० मेट्रिक टन युरिया, १०५ दशमलव ६५० मेट्रिक टन डिएपी र १४ दशमलव ८३० मेट्रिक टन पोटास मौज्दात रहेको कृषि सामग्री कम्पनी लिमिटेड, नेपालगञ्जका प्रमुख पुष्पराज श्रेष्ठले जानकारी दिए। बाँकेमा सबैभन्दा बढी राप्तीसोनारी गाउँपालिका र सबैभन्दा कम कोहलपुर नगरपालिका र नरैनापुर गाउँपालिकामा रासायनिक मलको माग कम रहेको उनले बताए।

किसानले युरिया रासायनिक मल खेतीमा प्रयोग गर्ने बेला नभएपनि पछि नपाउने डरले सबैभन्दा बढी माग युरियाको गरेको जानकारी दिँदै प्रमुख श्रेष्ठले रासायनिक मल आउने क्रम जारी रहेको र वितरण कार्य पनि भइरहेको उल्लेख गरे। धानको रोपाइँ सकिएको करिब २५ दिनमा युरिया छर्ने हो तर किसानले पछि नपाइने हो कि भनेर माग गरिरहनुभएको छ, उनले भने। साउनभर रासायनिक मलको वितरण हुने जानकारी दिँदै प्रमुख श्रेष्ठले गत वर्षभन्दा सहज ढङ्गले मलको आपूर्ति हुने किसानलाई विश्वास दिलाए।

उनले यस वर्ष धान रोपाइँको सिजनमा भदौसम्मका लागि अझै पनि चार हजार मेट्रिक टन युरिया, दुई हजार ५०० मेट्रिक टन डिएपी र केही मेट्रिक टन पोटास रासायनिक मलको माग भएको जानकारी दिए।

आठ स्थानीय तहको जिल्लाका सबै पालिकामा कृषि सहकारीमार्फत रासायनिक मलको वितरण भइरहेको छ। अहिले जिल्लाका केही स्थानमा रोपाइँ सकिएको छ भने केहीमा रोपाइँ नभएको राप्तीसोनारी गाउँपालिका–४ धामपुरका किशोर रत्गैया थारुले बताए। बाँकेमा अहिलेसम्म ४४ प्रतिशत धान रोपाइँ भएको कृषि ज्ञान केन्द्र बाँकेले जनाएको छ।

ज्ञान केन्द्रले शुक्रबार सार्वजनिक सूचना जारी गर्दै ३३ हजार ७८० हेक्टर क्षेत्रफलमध्ये १४ हजार ८६३ दशमलव दुई क्षेत्रफल जमिनमा धान रोपाइँ भएको उल्लेख गरेको छ। जिल्लाको सबैभन्दा बढी राप्तीसोनारी गाउँपालिकामा धान रोपाइँ भएको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी सुजिता शर्माले जानकारी दिए। विसं २०७८ मा भएको कृषि गणनाअनुसार बाँकेमा ६७ हजार ८८५ कृषक रहेका छन्। रासस

# ग्यासको आपूर्ति अनियमित हुँदा उपभोक्तालाई सास्ती




**मधेशदृष्टि**
**सिरहा।**
सिरहाको लहानमा एलपी ग्यासको आपूर्ति अनियमित हुँदा उपभोक्ताले सास्ती भोग्नुपरेको छ । विशेषगरी कोशी ग्यास प्रयोग गर्ने उपभोक्ता ग्यास नपाएर डिलर–डिलर धाउन बाध्य छन् भने कतिपयले महँगो मूल्य तिरेर सिलिन्डर किन्नुपरेको गुनासो गरेका छन् । ग्यास आएको एक दिनमै सकिने भएकाले अधिकांश समय खाली सिलिन्डर बोकेर फर्किनुपर्ने अवस्था छ।

लामो समयदेखि आपूर्ति सहज हुन नसक्दा दैनिक खाना पकाउनसमेत समस्या भइरहेको उपभोक्ताको गुनासो छ । स्थानीयले कृत्रिम अभाव सिर्जना गरेर निर्धारित मूल्यभन्दा बढी रकम असुल्दै ग्यास बिक्री भइरहेको आरोप लगाएका छन् । प्रभावकारी बजार अनुगमन नहुँदा कालोबजारी बढ्दै गएको उनीहरूको भनाई छ । यस सम्बन्धमा लहानका ग्यास डिलरहरूले भने विराटनगरबाट मागअनुसार ग्यास आपूर्ति हुन नसक्दा समस्या उत्पन्न भएको बताएका छन् । सीमित परिमाणमा ग्यास आउने र एकैपटक धेरै उपभोक्ता तथा होटल व्यवसायी पुग्ने भएकाले स्टक छिट्टै सकिने गरेको उनीहरूको भनाइ छ। जिल्ला उद्योग वाणिज्य संघ लहान–सिरहाले समस्या समाधानका लागि सम्बन्धित निकायसँग पटक–पटक पहल गरे पनि सुधार हुन नसकेको जनाएको छ। इलाका प्रशासन कार्यालय लहानले भने ग्यासको कृत्रिम अभाव र कालोबजारीबारे गुनासो आएपछि नगरपालिकासँग समन्वय गरी अनुगमन थाल्ने तयारी भइरहेको जनाएको छ।

# मुख्य सडक विस्तारको कारण नालाहरु जाम सानो वर्षाले वीरगंज चोकहरु जलमग्न

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकामा जारी सडक विस्तारका कारण मुख्य सडकका नालाहरू जाम हुँदा शुक्रबार राति परेको वर्षाले सहरका विभिन्न चोकहरू जलमग्न भएका छन् । सडक विस्तारका क्रममा घरहरू भत्काउँदा निस्किएको भग्नावशेष बेलैमा व्यवस्थापन हुन नसक्दा महानगरका मुडली, त्रिमुर्ती चोक, छपकैया इदगाह चोक र पिपरा चोक लगायतका क्षेत्रहरू डुबानमा परेका हुन्।




वर्षाको पानी जमेर सहरका मुख्य चोकहरू नै थुनिएपछि महानगरपालिकाले शुक्रबार बिहानैदेखि पानी निकासका लागि 'एक्सन टिम' परिचालन गरेको छ।

एक्सन टिमका संयोजक सरफुदिन मियाको नेतृत्वमा प्राविधिक तथा सफाइकर्मीको टोली स्थलगत रूपमा खटिएको हो । पानी खुलाउनका लागि महानगरले तीन वटा एक्साभेटर, आधा दर्जन ट्र्याक्टर र एक दर्जनभन्दा बढी सफाइकर्मी प्रयोग गरेर नाला खोतल्ने कार्य गरेको वीरगंज महानगरले जनाएको छ।

एक्सन टिमका संयोजक सरफुदिन मियाका अनुसार सडक विस्तारका क्रममा घरहरू तोडफोड गर्दा निस्किएका ढुङ्गा, ईंटा र माटोका गेग्रानहरू नालामा जम्मा भएका कारण डुवान समस्या निम्तिएको हो । सहरका अधिकांश नालाहरूमा घरका भग्नावशेष थुप्रिएर जाम भएकाले वर्षाको पानी निकास हुन समस्या भइरहेको छ।

सानो बर्षामा नै यो हालत भएको वीरगंजमा ठुलो बर्षा भए स्थिती डरलाग्दो हुन सकने स्थानीयको अनुमान छ।

# पत्रकारविरुद्ध अश्लील अभिव्यक्ति दिएको आरोपमा

## आदर्श मिश्राविरुद्ध कारबाहीको माग




**मधेशदृष्टि**
**वीरगंज।**
सामाजिक सञ्जालमा पत्रकारहरूप्रति अशोभनीय, अश्लील तथा अपमानजनक अभिव्यक्ति सार्वजनिक गरेको आरोपमा नेपाल पत्रकार महासंघ पर्साले आफूलाई हास्य कलाकार बताउने आदर्श मिश्राविरुद्ध कानुनी कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालय पर्सामा उजुरी दर्ता गरेको छ।

महासंघका अनुसार 'आदर्श मिश्रा' नामबाट सञ्चालित टिकटक अकाउन्टमार्फत पत्रकारिता पेशालाई लक्षित गरी अमर्यादित र अपमानजनक शब्द प्रयोग गरिएको भिडियो सार्वजनिक गरिएको छ । उक्त सामग्रीले पत्रकारको पेशागत मर्यादामात्र होइन, सामाजिक सद्भावमा समेत नकारात्मक असर पार्ने महासंघको ठहर छ।

नेपाल पत्रकार महासंघ पर्साका सचिव विजय महतोले सार्वजनिक गरिएको भिडियोले पर्साका पत्रकारहरूको प्रतिष्ठामाथि गम्भीर आघात पुगेको बताएका छन् । कुनै पनि पेशा वा समुदायलाई लक्षित गरी अश्लील र अपमानजनक अभिव्यक्ति दिनु अभिव्यक्ति स्वतन्त्रताको दायराभित्र नपर्ने भन्दै उनले यस्तो कार्य कानुनी रूपमा कारबाहीयोग्य भएको उल्लेख गरे।

महासंघले जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक (एसपी) सुदीपराज पाठकलाई निवेदन बुझाउँदै घटनाको निष्पक्ष अनुसन्धान गरी आरोपितलाई यथाशीघ्र कानुनी दायरामा ल्याउन माग गरेको छ । उजुरीमा उल्लेख भएअनुसार आरोपित आदर्श मिश्रा बारा जिल्लाको जितपुर–सिमरा उपमहानगरपालिका अन्तर्गत नगौलका निवासी हुन्।

महासंघले सामाजिक सञ्जालको दुरुपयोग गरी व्यक्ति, संस्था वा कुनै पनि पेशाको गरिमा र प्रतिष्ठामाथि आघात पुग्ने गतिविधि नियन्त्रण गर्न सम्बन्धित निकायलाई प्रभावकारी कदम चाल्न समेत आग्रह गरेको छ।

# युवक मृत अवस्थामा फेला

**मधेशदृष्टि**
**जितपुर।**
बाराको जीतपुरसिमरा उपमहानगरपालिका–१९ ईनर्वासिरा क्षेत्रमा एक १७ वर्षीय युवक मृत अवस्थामा फेला परेका छन्। इलाका प्रहरी कार्यालय सिमराका प्रहरी निरीक्षक प्रकाश थापाका अनुसार बिहीबार अपराह्न करिब ४:३० बजे स्थानीय बासिन्दाले शव देखेपछि तत्काल प्रहरीलाई खबर गरेका थिए।

सूचना पाउनासाथ घटनास्थलमा पुगेको प्रहरी टोलीले मृतकको पहिचान कलैया उपमहानगरपालिका–२ दोहरी टोल बस्ने जयराम महतोका १७ वर्षीय छोरा आकाश महतोको रूपमा गरेको छ । परिवारका अनुसार महतो गत असार २४ गते बुधबार बिहान कपडा किन्न भनी घरबाट निस्किएका थिए, तर त्यसपछि उनी सम्पर्कविहीन भएका थिए।

युवकको मृत्युको ठोस कारण अझै खुल्न नसकेको र घटनाबारे विस्तृत अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

# लंगडीमा नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन, गाउँपालिकाद्वारा पूर्ण सहयोगको प्रतिबद्धता




**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको धोबीनी गाउँपालिका–४ लंगडीमा नागरिकलाई स्थानीयस्तरमै आयुर्वेदिक स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले स्थापना गरिएको नागरिक आरोग्य सेवा केन्द्रको उद्घाटन शुक्रबार एक कार्यक्रमबीच सम्पन्न भएको छ । लंगडीस्थित भानु सामुदायिक पुस्तकालयको भवनमा सञ्चालनमा ल्याइएको सेवा केन्द्रको उद्घाटन गाउँपालिका अध्यक्ष मदन प्रसाद चौहानले पानसमा दीप प्रज्वलन गरी गरेका हुन्।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै अध्यक्ष चौहानले स्वस्थ जीवनशैलीका लागि योग र आयुर्वेदको महत्व उल्लेख गर्दै नागरिकलाई आयुर्वेदिक उपचार पद्धतिप्रति आकर्षित हुन आग्रह गरे। उनले नियमित योग अभ्यास र आयुर्वेदिक औषधिको प्रयोगले स्वास्थ्य संरक्षणमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्दै परम्परागत रूपमा आयुर्वेद अपनाउने पुस्ता दीर्घायु हुने गरेको धारणा राखे । साथै, आफ्नै गाउँमा सञ्चालनमा आएको नागरिक आरोग्य सेवा केन्द्रबाट उपलब्ध हुने सेवाको अधिकतम उपयोग गर्न स्थानीयवासीलाई आग्रह गरे।

अध्यक्ष चौहानले नवस्थापित सेवा केन्द्रको प्रभावकारी सञ्चालनका लागि गाउँपालिकाको तर्फबाट आवश्यक सहयोग उपलब्ध गराइने प्रतिबद्धता पनि व्यक्त गरे। कार्यक्रममा वडा नं. ४ का अध्यक्ष अबास मियाँ, वडा अध्यक्ष मदन सहनी, प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय पर्साका शिवनारायण प्रसाद गुप्ता, वैद्य दिनेश साह, भिखारी राउत कुर्मी, नगनारायण प्रसाद कुर्मी, राजसुन्दर साह, साहदेव पण्डित, फुलनाज खातुन, प्रमेश्वर प्रसाद साहलगायत स्थानीयवासीको उल्लेखनीय सहभागिता रहेको थियो।

नागरिक आरोग्य सेवा केन्द्र सञ्चालनमा आएपछि लंगडी तथा आसपासका बासिन्दाले आधारभूत आयुर्वेदिक स्वास्थ्य सेवा आफ्नै क्षेत्रबाट सहज रूपमा प्राप्त गर्ने अपेक्षा गरिएको छ।

### संसददेखि सडकसम्म पर्सा प्रहरी–प्रशासनमाथि प्रश्नः

# सुशासनको प्रतिबद्धतामाथि बढ्दो अविश्वास

**मधेशदृष्टि**
**वीरगंज।**
पर्सामा प्रहरी–प्रशासनको कार्यशैली, सुशासनको अवस्था र कानुनको समान कार्यान्वयनबारे उठेका प्रश्न अहिले स्थानीय तहको गुनासोमा मात्र सीमित छैनन् । सीमावर्ती क्षेत्रमा तस्करी, लागूऔषध ओसारपसार, नेपाली नागरिकको क्यासिनो प्रवेश, भूमिसम्बन्धी विवाद तथा न्याय प्राप्तिमा ढिलाइका विषय प्रतिनिधिसभासम्म पुगेपछि पर्साको सुरक्षा र प्रशासनिक संयन्त्रमाथि सार्वजनिक बहस चर्किएको छ।

पर्सा निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित सत्तारुढ दलका प्रतिनिधिसभा सदस्य बुद्धिप्रसाद पन्तले प्रतिनिधिसभा बैठकमै गृहमन्त्री सुधन गुरुङको ध्यानाकर्षण गराउँदै पर्सामा सुशासन कमजोर बन्दै गएको आरोप लगाए । उनले सीमाबाट भइरहेको अवैध कारोबार, क्यासिनो सञ्चालन, लागूऔषध नियन्त्रणमा देखिएको कमजोरी तथा भूमाफियाको प्रभावबारे प्रश्न उठाउँदै जिम्मेवार निकायको भूमिकामाथि छानबिन आवश्यक रहेको बताए।

सांसद पन्तले सीमाको अनुगमनका क्रममा गृहमन्त्री स्वयंले अवैध गतिविधिबारे जानकारी पाएको उल्लेख गर्दै त्यसपछि सम्बन्धित अधिकारीमाथि प्रभावकारी समीक्षा वा अनुसन्धान किन अघि बढेन भन्ने प्रश्न पनि संसदमा राखेका थिए।

यता, वीरगंज–आदर्शनगरका केही स्थानीयले आफूहरू दशकौंदेखि भोगचलन गर्दै आएको जग्गामा विवाद सिर्जना भएपछि न्यायका लागि प्रहरी, प्रशासन र मालपोत कार्यालय धाउँदा अपेक्षित सुनुवाइ नपाएको गुनासो गरेका छन् । उनीहरूका अनुसार भूमाफिया र विचौलियाको प्रभावका कारण सरकारी निकायले निष्पक्ष रूपमा काम नगरेको अनुभूति भएको छ।

आदर्शनगरका जग्गा पीडितहरूले आफूहरूले दर्ता गराएको उजुरी लामो समयसम्म अनुसन्धानको प्रक्रियामा अघि नबढेको दाबी गरेका छन् । उनीहरूले विवादित पक्षलाई फाइदा पुग्ने गरी सरकारी पत्राचारसमेत भएको आशंका व्यक्त गर्दै सम्बन्धित निकायको निष्पक्ष छानबिनको माग गरेका छन् । यसैबीच, समान प्रकृतिका घटनामा प्रहरीले फरक व्यवहार गरेको आरोप पनि सार्वजनिक भएको छ । केही स्थानीयले एक घटनामा तत्काल पक्राउ र मुद्दा चलाइएको तर अर्को घटनामा कारबाही नगरी आरोपितलाई छाडिएको भन्दै कानुनको समान कार्यान्वयनबारे प्रश्न उठाएका छन्। यसले प्रहरीको निष्पक्षतामाथि नागरिकस्तरमा थप शंका उत्पन्न गरेको उनीहरूको भनाइ छ।

कानुन व्यवसायी कमलमोहन पोखरेलका अनुसार सुशासनको वास्तविक मापन अपराध नियन्त्रण मात्र नभई कानुन सबैका लागि समान रूपमा लागू हुनु, पीडितले समयमै न्याय पाउनु र राज्यप्रति नागरिकको विश्वास कायम रहनु हो । प्रभावशाली व्यक्तिसँग सम्बन्धित विषयमा सुरक्षा निकाय सक्रिय देखिने तर सर्वसाधारणका उजुरीमा ढिलाइ हुने अवस्था देखिए त्यसले कानुनी शासनप्रतिको विश्वास कमजोर बनाउन सक्ने उनको भनाइ छ।

यद्यपि, पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले सीमामा तस्करी नियन्त्रण, लागूऔषध ओसारपसार रोकथाम तथा क्यासिनोमा नेपाली नागरिकको प्रवेश नियन्त्रणका लागि सुरक्षा निकायले निरन्तर निगरानी र अनुगमन गरिरहेको बताएका छन् । उनका अनुसार केही दिनअघि नेपाली र भारतीय नागरिकलाई क्यासिनोसम्बन्धी कसुरमा पक्राउ गरी कानुनी प्रक्रिया अघि बढाइएको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक राजु कार्कीले पनि संसदमा उठाइएका सबै प्रश्नको लिखित जवाफ गृह मन्त्रालयमा पठाइसकिएको जानकारी दिएका छन् । उनले प्रहरीले कुनै व्यक्ति विशेषका आधारमा होइन, कानुन र प्रमाणका आधारमा मात्रै कारबाही गर्ने स्पष्ट पार्दै तथ्य र प्रमाणसहित आएका उजुरीमा प्रहरी सदैव संवेदनशील भएर काम गर्ने दाबी गरे । पर्सामा प्रहरी–प्रशासनको भूमिकालाई लिएर सांसद, स्थानीय व्यवसायी, पीडित पक्ष र कानुन व्यवसायीबाट उठिरहेका प्रश्नले सुशासनको अवस्थामाथि गम्भीर बहस सुरु गरेको छ । आरोपहरू सत्य वा असत्य जेभए पनि स्वतन्त्र, निष्पक्ष र पारदर्शी छानबिनमार्फत तथ्य सार्वजनिक गर्नुपर्ने माग अहिले झन् बलियो बन्दै गएको छ । नागरिकको कानुनप्रतिको विश्वास कायम राख्न राज्यका निकायले उठेका प्रश्नको विश्वसनीय जवाफ दिनुपर्ने आवश्यकता पनि उत्तिकै महसुस गरिएको छ।

# चारदिने शिक्षक क्षमता अभिवृद्धि तालिम सुरु

**मधेशदृष्टि**
**वीरगंज।**
शिक्षण–सिकाइलाई थप प्रभावकारी, आधुनिक र विद्यार्थीकेन्द्रित बनाउने उद्देश्यले वीरगंज पब्लिक कलेजमा चारदिने शिक्षक क्षमता अभिवृद्धि तालिम सुरु भएको छ । तालिमको उद्घाटन कार्यक्रममा कलेजका संस्थापक डा. दीपक शाक्य, डा. अर्बिन्द श्रेष्ठलगायत विशिष्ट व्यक्तित्वहरूको उपस्थिति थियो।

तालिममा शिक्षकहरूको व्यावसायिक दक्षता, नेतृत्व क्षमता र व्यक्तिगत विकासलाई केन्द्रमा राख्दै आत्म–नेतृत्व, सहकार्यात्मक नेतृत्व, प्रभावकारी सञ्चार, सकारात्मक सोच, आत्ममूल्याङ्कन, रचनात्मक सुझाव तथा प्रतिक्रिया आदान–प्रदान, समूहमा काम गर्ने सीप, परिवर्तन व्यवस्थापन, नैतिक मूल्य र व्यवहार, स्पष्ट उद्देश्य निर्धारण तथा प्रतिबद्धताजस्ता विषयमा प्रशिक्षण प्रदान गरिने जनाएको छ।

### वीरगंज महानगरमा छड्के अनुगमनः

# २० कर्मचारी कार्यकक्षमा अनुपस्थित, लापरबाही पुष्टि भए कारबाही हुने

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाले कार्यालयभित्रको अनुशासन कडाइ गर्दै शुक्रबार विभिन्न शाखा तथा फाँटमा आकस्मिक (छड्के) अनुगमन गरेको छ। कार्यवाहक नगर प्रमुख इम्तियाज आलम र प्रमुख प्रशासकीय अधिकृत बसन्तबहादुर बोहराको नेतृत्वमा गरिएको अनुगमनको मुख्य उद्देश्य सेवाग्राहीका गुनासो सम्बोधन गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनु रहेको जनाइएको छ।



शुक्रबार बिहान करिब १०:३० बजे महानगर नेतृत्व आफैं विभिन्न शाखामा पुगेर कर्मचारीहरूको उपस्थितिको अवस्था निरीक्षण गरेको थियो । कार्यालय समयको सुरुवातमै नेतृत्व तहको अनपेक्षित उपस्थितिले कर्मचारीहरूबीच चासो र हलचलसमेत देखिएको थियो।

अनुगमनका क्रममा महानगरका विभिन्न शाखा तथा फाँटमा कार्यरत करिब २० जना कर्मचारी आफ्नो कार्यकक्षमा अनुपस्थित भेटिएको प्रमुख प्रशासकीय अधिकृत बोहराले जानकारी दिए । उनका अनुसार अनुपस्थितमध्ये केही कर्मचारी बिदामा रहेको, केही फिल्डमा खटिएको र केही ढिलो कार्यालय पुगेको प्रारम्भिक जानकारी प्राप्त भएको छ । बोहराले कर्मचारीहरूले पेश गर्ने विवरणको तथ्यगत प्रमाणीकरण गरिने र लापरबाही वा अनुशासनहीनता पुष्टि भए प्रचलित कानुन तथा नियमअनुसार आवश्यक कारबाही अघि बढाइने स्पष्ट पारे। प्रशासनिक अनुशासनमा कुनै सम्झौता नगरिने उनको भनाइ छ । कार्यवाहक नगर प्रमुख आलमले छड्के अनुगमनको उद्देश्य कर्मचारीलाई कारबाही गर्नु मात्र नभई महानगरको सेवा प्रवाहलाई गुणस्तरीय, चुस्त र नागरिकमैत्री बनाउनु रहेको बताए।

उनका अनुसार महानगरमा सेवा लिन आउने नागरिकबाट ढिलासुस्ती र सेवाप्रवाहबारे पटक–पटक गुनासो आउने गरेकाले त्यसलाई गम्भीरतापूर्वक सम्बोधन गर्न अनुगमन गरिएको हो । साथै, पछिल्लो जेनजी आन्दोलनपछि बदलिएको परिस्थितिमा कर्मचारीहरूले सेवाप्रवाहका क्रममा भोगिरहेका व्यवहारिक चुनौतीबारे पनि प्रत्यक्ष रूपमा जानकारी लिने प्रयास गरिएको उनले बताए।

महानगरपालिकाले आगामी दिनमा पनि यस्ता आकस्मिक अनुगमनलाई नियमित बनाउँदै प्रशासनिक अनुशासन कायम गर्ने, सेवाप्रवाहलाई थप पारदर्शी, छिटो र प्रभावकारी बनाउने प्रतिबद्धता जनाएको छ।

# विद्यालयलाई शैक्षिक सामाग्री हस्तान्तरण

मधेशदृष्टि
रौतहट।
रौतहटको चन्द्रपुर नगरपालिका–८ ले श्री सुवलाल भागवत माध्यमिक विद्यालयलाई सूचना तथा सञ्चार प्रविधि (आईसीटी) अन्तर्गत विभिन्न शैक्षिक सामग्री उपलब्ध गराएको छ।

वडा कार्यालयले विद्यालयलाई नौ थान डेस्कटप कम्प्युटर, तीन थान प्रिन्टर, एक थान ल्यापटप, चार थान सिसिटिभी क्यामेरा तथा एक थान स्मार्ट टिभी हस्तान्तरण गरेको हो। वडा नं. ८ का वडाध्यक्ष जितेन्द्र चौधरीले एक कार्यक्रमका बीच विद्यालय व्यवस्थापन पक्षलाई ती सामग्री हस्तान्तरण गरेका हुन्।

विद्यालयमा प्रविधिमैत्री शिक्षण–सिकाइ वातावरण सुदृढ बनाउन तथा सूचना प्रविधिको प्रयोगलाई प्रभावकारी बनाउने उद्देश्यले सामग्री उपलब्ध गराइएको वडा कार्यालयले जनाएको छ । विद्यालय प्रशासनले प्राप्त सामग्रीबाट शिक्षण सिकाइ प्रक्रिया थप प्रभावकारी हुने विश्वास व्यक्त गर्दै वडा कार्यालयप्रति आभार प्रकट गरेको छ।

## सम्पादकीय

# गणेश नेपालीको मृत्युले उब्जाएका प्रश्नहरु:

# काठमाडौँमा नागरिकमाथि यातना छ ?

काठमाडौँको त्रिपुरेश्वरस्थित राहदानी विभागको कार्यालय परिसरमा आफ्नै शरीरमा पेट्रोल खन्याएर आत्मदाहको प्रयास गरेका २५ वर्षीय गणेश नेपालीको उपचारका क्रममा वीर अस्पतालमा निधन भएको छ। मुगुको सोरु गाउँपालिका–१ घर भई भक्तपुर बस्ने र पथराइडरको काम गर्ने गणेशलाई काठमाडौँ महानगर प्रहरीले मोटरसाइकलमा 'ह्वील लक' लगाएको विषयमा विवाद भएको थियो । आफ्नो मात्र मोटरसाइकलमा किन लक लगाएको भनेर विरोध जनाउँदा विवाद उत्कर्षमा पुगेपछि उनले आफ्नै मोटरसाइकलबाट पेट्रोल निकालेर शरीरमा खन्याए। एक सामान्य ट्राफिक वा पार्किङ सम्बन्धी विवादले यसरी चरम उग्रता लिन सक्छ र अन्ततः एउटा प्राणको क्षति हुन सक्छ भन्ने कुरा आश्चर्यजनक मात्र नभई दुःखद पनि छ।

गणेश नेपालीको यो घटनाले काठमाडौँ उपत्यकामा नागरिक र प्रशासन बीचको सम्बन्धमा रहेको चरम अविश्वास र पीडालाई उजागर गरेको छ । महानगर प्रहरीले आफ्नो कामको दायरामा रहेर अनुशासन कायम गर्न खोज्दा पनि नागरिकमाथि गर्ने व्यवहारले उनीहरूलाई कति असहज बनाउँछ भन्ने कुरा यो घटनाले स्पष्ट पार्छ । गणेशले आफन्तजनलाई महानगरका कारणले आफूले आत्मदाह गर्न वाध्य भएको बताएका थिए। जब एक जना युवाले आफ्नो जीवन नै त्याग्न वाध्य हुन्छ, तब हामीले सोच्नुपर्छ कि केवल जरिवाना वा लक मात्रको कुरा हो यो, या त्यस पछाडि लुकेको आर्थिक दबाब, बेरोजगारी र प्रशासनको निष्ठाहीनताको कुरा पनि हो।

आजको सन्दर्भमा काठमाडौँमा बेरोजगार युवाहरूको संख्या बढ्दै गएको छ र उनीहरूको जीवन निर्वाहको लागि पथराइडर वा मोटरसाइकल चलाउनु मात्रको विकल्प रह्यो छ । यस्तो अवस्थामा तिनीहरूको जीविकोपार्जनमा आधारभूत उपकरण (मोटरसाइकल) प्रशासनले जफत वा लक गर्ने गर्दा तिनीहरूको भविष्यमाथि नै आघात पुग्छ । गणेशको घटना केवल एउटा विवाद होइन, यो धेरै युवाहरूले दैनिक भोग्दै आएको आर्थिक र मानसिक यातनाको प्रतिबिम्ब हो। धनी र सम्पन्न वर्गको हितअनुकूल नीति तथा गतिविधिमा बढी केन्द्रित हुँदा सङ्घर्षरत बहुसंख्यक नेपालीको यथार्थलाई बेवास्ता गरिएको छ भन्ने युवा सङ्घहरूको आरोपमा सत्यता छ।

यस घटनामा संलग्न तीन जना नगर प्रहरीलाई नियन्त्रणमा लिइएको भनिए तापनि, यस्तो घटनालाई प्रशासनले कसरी हेर्छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । प्रायः नागरिकमाथि हुने यातना वा अत्याचारमा प्रहरी वा प्रशासनले 'अपराध नै भएको छैन' भनी प्रतिवेदन दिने गरेको पछिल्ला घटनाक्रमहरू (जस्तै श्रे कृष्ण बीकेको मृत्यु प्रकरण) लाई हेर्दा प्रशासनको गम्भीरतामाथि शङ्का उब्जिन्छ । यदि प्रशासनले नागरिकको आर्थिक विपन्नता र दैनिक जीवनको चुनौती बुझेर काम गर्ने हो भने यस्तो त्रासद घटना दोहोरिने छैन। तर, कडा नियम र जरिवानाको नीति मात्रले जनताको विद्रोह मात्र उत्पन्न गर्छ, सुधार होइन।

अन्त्यमा, गणेश नेपालीको मृत्युले काठमाडौँ महानगर प्रहरी बल र महानगरपालिकाको कार्यशैलीमाथि गम्भीर प्रश्न उठाएको छ। नागरिकमाथि हुने यातना र अत्याचार बढ्दै गएको र मान्छेहरू पेट्रोल खन्याएर मर्न बाध्य हुँदैछन् भन्ने प्रश्नको उत्तर खोज्न यो घटना एउटा मिल्को पाटो बनेको छ। राज्यले आफ्ना नागरिकहरूलाई दण्ड, जरिवाना र विस्थापनको माध्यमबाट नभई सेवा, रोजगारी र सम्मानजनक जीवनको प्रत्याभूति दिने तर्फ ध्यान केन्द्रित गर्नुपर्छ। गणेशलाई दिइने न्याय केवल तीन जना प्रहरीलाई कारबाही गर्ने मात्र नभई यस्तो प्रशासनिक व्यवहारको पुनरावलोकन गर्नुपर्छ, ताकि अर्को गणेश नेपालीले पेट्रोल खन्याउनु नपरोस्।

# फापरखेतीमा अग्रसर माङ्सेबुङका किसान

**– रामकुमार लिम्बू/रासस**

इलामको माङ्सेबुङ गाउँपालिका–२ इभाङका किसान पृथीमान जबेगुले गत वर्ष ३० रोपनी क्षेत्रफलमा रैथाने बाली फापरको खेती गरे । पछिल्लो समय लोपोन्मुख बन्दै गएको पोषणयुक्त खाद्यान्न फापरको व्यावसायिक खेती सुरु गरेका उनले पहिलो वर्षमै उत्साहजनक उत्पादन हासिल गरे।

कम मेहनत र कम लागतमा नै राम्रो उत्पादन हुने भएकाले फापरखेतीले उनलाई निकै प्रभावित बनायो। पहिलो वर्षको सफलतापछि उनले अब फापरको व्यावसायिक खेतीलाई थप विस्तार गर्ने योजना बताएका छन्। 'मैले गत वर्ष पहिलो पटक ३० रोपनी क्षेत्रफलमा फापरको खेती लगाएको थिएँ । उत्पादन पनि सोचेअनुसार नै भयो,' जबेगुले भने, 'करिब ५० केजी बीउ प्रयोग गर्दा छ क्विन्टल फापर उत्पादन भयो।'

उनका अनसार उत्पादन भएको फापरबाट राम्रो आम्दानीसमेत भएको छ। बजारमा फापरको माग उच्च रहेकाले अधिकांश उत्पादन घरैबाट बिक्री भएको उनले बताए । घरैबाट प्रतिकेजी २ सय रुपैयाँदेखि ३ सय रुपैयाँका दरले फापर बिक्री भएको उनले बताए। 'फापरको माग निकै रहेछ। घरमै आएर प्रतिकेजी रु २०० देखि रु ३०० का दरले किनेर लैजानुहुन्थ्यो । उत्पादन पर्याप्त नभएकाले माग पूरा गर्न सकिन,' उनले भने, 'त्यसैले अब आगामी वर्षदेखि खेतीको क्षेत्रफल बढाएर व्यावसायिक रुपमा फापर खेती गर्ने योजना बनाएको छु।'

गत वर्षको अनुभवपछि उनले यस वर्ष पनि सोही क्षेत्रफलमा फापरखेती गर्ने तयारी गरेको छ । त्यसका लागि आवश्यक जग्गा व्यवस्थापन, मलखाद तथा बीउको तयारी अन्तिम चरणमा पुगेको उनले बताए । 'गत वर्ष पहिलोपटक फापरखेती गरेको थिएँ। पहिलो अनुभवमै राम्रो उत्पादन र आम्दानी भएपछि यसप्रति मेरो आकर्षण बढेको छ,' उनले भने, 'यस वर्षदेखि फापरलाई व्यावसायिक रुपमा विस्तार गर्ने योजना बनाएको छु। त्यसका लागि आवश्यक सबै तयारी गरिरहेको छु।'

**प्रभावकारी फापर खेती प्रवद्र्धन कार्यक्रम**

जबेगुको फापर खेतीप्रतिको आकर्षण बढाउन माङ्सेबुङ गाउँपालिकाको महत्वपूर्ण योगदान छ । आर्थिक वर्ष २०८१–८२ मा माङ्सेबुङ गाउँपालिकाले सञ्चालन गरेको 'फापरखेती प्रवद्र्धन कार्यक्रम'अन्तर्गत उनले ५० प्रतिशत लागत साझेदारीमा रु छ लाख बराबरको कार्यक्रममा सहभागिता जनाए।

कार्यक्रम अनुसार कुल छ लाख रुपैयाँमध्ये तीन लाख रुपैयाँ माङ्सेबुङ गाउँपालिकाले अनुदान उपलब्ध गराएको थियो भने बाँकी तीन लाख रुपैयाँ जबेगुले आफ्नै लगानी गरेको थियो।

गाउँपालिकाको आर्थिक तथा प्राविधिक सहयोगले उनलाई फापरको व्यावसायिक खेती गर्न थप हौसला मिलेको उनी बताउँछन् । 'गाउँपालिकाको अनुदान र प्राविधिक सहयोगले मलाई फापरको व्यावसायिक खेती गर्न थप हौसला मिलेको छ,' उनले भने, 'पहिलो वर्षमै राम्रो उत्पादन र आम्दानी भएपछि फापरखेतीप्रति मेरो विश्वास अझै बढेको छ । अब खेतीको क्षेत्रफल विस्तार गरेर यसलाई व्यावसायिक रुपमा अघि बढाउने योनजा बनाएको छु।'

जबेगु मात्र होइन, माङ्सेबुङका अन्य किसानसमेत व्यावसायिक फापरखेतीतर्फ आकर्षित भएका छन् । यहाँका किसानले व्यक्तिगत एवं सामूहिक रुपमा फापरखेती सुरु गरेका छन् । माङ्सेबुङ गाउँपालिका–३ का देउकुमार इधिङ्गोले २० रोपनी क्षेत्रमा फापरखेती गर्दै आएका छन् । उनले 'इधिङ्गो कृषि तथा पशुपालन फार्म'मार्फत अन्य कृषि र पशुपालन व्यवसायसँगै फापरखेती गर्दै आएका छन्। फापर तीते र मीठे गरी दुई प्रजातिको रहेको पाइन्छ।

व्यावसायिक फापरखेती गर्ने किसानलाई माङ्सेबुङ गाउँपालिकाले पनि राम्रै सहयोग गर्दै आएको छ । आर्थिक वर्ष २०८२–८३ को 'फापरखेती प्रवद्र्धन कार्यक्रम' अन्तर्गत ५० प्रतिशत लागत साझेदारीमा इधिङ्गो फार्मलाई उपकरण तथा मेसिनरी खरिद गर्नका लागि रु चार लाखको कार्यक्रम उपलब्ध गराएको छ।

कार्यक्रम अनुसार कुल चार लाख रुपैयाँमध्ये दुई लाख रुपैयाँ माङ्सेबुङ गाउँपालिकाले अनुदान उपलब्ध गराएको छ भने बाँकी दुई लाख रुपैयाँ इधिङ्गोले आफ्नै लगानी गरेको छ। रैथाने बाली प्रवद्र्धनका लागि गाउँपालिकाबाट ५० प्रतिशत अनुदान पाएपछि इधिङ्गोसमेत खुसी छन् । 'हाम्रो दुःख र आवश्यकतालाई बुझेर माङ्सेबुङ गाउँपालिकाले कृषि उपकरण तथा मेसिनरी खरिदका लागि दुई लाख रुपैयाँ अनुदान उपलब्ध गराएको छ,' इधिङ्गोले भने, 'यस्ता अनुदान र प्रोत्साहनका कार्यक्रमले हामीजस्ता किसानलाई व्यावसायिक कृषिकर्ममा लाग्न थप हौसला र आत्मविश्वास मिलेको छ।'

माङ्सेबुङका किसान व्यक्तिगत रुपमा मात्र होइन, सामूहिक रुपमा फापरखेतीमा आकर्षित भएका छन् । माङ्सेबुङ गाउँपालिका–५ का किसान सहकारी संस्थामार्फत सामूहिक फापरखेतीमा लाग्नुभएको छ । यहाँका किसान 'माङ्सेबुङ बहुउद्देश्यीय सहकारी संस्था'मार्फत सामूहिक फापरखेतीमा लागेका हुन् ।सहकारी संस्थामार्फत ५० रोपनी क्षेत्रफलमा फापरखेती हुँदै आएको संस्थाका अध्यक्ष दूधबहादुर लावतीले बताए । 'हामीले सामूहिक खेती प्रणालीअन्तर्गत सहकारी संस्थामार्फत ५० रोपनी क्षेत्रफलमा फापरखेती गर्दै आएका छौँ,' अध्यक्ष लावतीले भने, 'यसको उत्पादन र क्षेत्रफल दुवै बढाउँदै आगामी वर्षदेखि फापर खेतीलाई अझ विस्तार गर्दै लैजाने योजनामा छौँ।'

उनहरुको सामूहिक फापरखेतीलाई माङ्सेबुङ गाउँपालिकाले प्रवद्र्धन गरेको छ । आव २०८२–८३ को 'फापरखेती प्रवद्र्धन कार्यक्रम'अन्तर्गत माङ्सेबुङ गाउँपालिकाले ५० प्रतिशत लागत साझेदारीमा सो सहकारी संस्थालाई आठ लाख रुपैयाँको कार्यक्रम उपलब्ध गराएको छ। कुल आठ लाख रुपैयाँमध्ये चार लाख रुपैयाँ माङ्सेबुङ गाउँपालकाले अनुदान उपलब्ध गराएको छ भने बाँकी चार लाख रुपैयाँ सहकारी संस्थाले साझेदारी गरेको छ । कार्यक्रमअन्तर्गत उपकरण तथा मेसिनरी खरिद एवं बीउ र मलखादको व्यवस्थापनलगायत क्रियाकलाप सञ्चालन गरिएको संस्थाका अध्यक्ष लावतीले बताए।

गाउँपालिकाले किसानलाई फापरखेती प्रवद्र्धनका लागि दिएको अनुदानले किसानसमेत उत्साहित भएका छन् । कृषि क्षेत्रमा दिएको प्रोत्साहन कार्यक्रमले किसानलाई व्यावसायिक बन्न उत्प्रेरणा जगाएको छ । माङ्सेबुङ गाउँपालिका अध्यक्ष हेमन्त राईले कृषि क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेर गाउँपालिका अघि बढेको बताए। 'कृषि क्षेत्रमा प्रशस्त सम्भावना रहेको माङ्सेबुङमा कृषि क्षेत्रलाई नै प्राथमिकता राखेर अघि बढेका छौँ,' अध्यक्ष राईले भने, 'किसानलाई प्रोत्साहन गर्ने विभिन्न कार्यक्रम सञ्चालनमा छन् । आगामी दिनमा यस्ता कार्यक्रमलाई अझ प्रभावकारी बनाउँदै निरन्तरता दिनेछौँ।'

**बजारको अभाव छैन**

नेपालमा फापरको कुनै निश्चित र आधिकारिक बजारको व्यवस्था छैन। तर पनि मानिसमा आउने गरेको स्वास्थ्य समस्याका कारण फापरको बजार बढ्दो देखिन्छ। उत्पादकले फापर स्थानीय बजार र केही ठूला बजारमा बिक्री गर्ने गर्छन् । माङ्सेबुङका किसानलाई फापर बिक्रीको कुनै समस्या छैन । फापरबाट विभिन्न बहुउपयोगी परिकार बन्ने भएकाले यसको बजार सहज रहेको माङ्सेबुङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष लावतीले बताए। 'फापर बिक्रीका लागि यहाँ कुनै समस्या छैन, बजारमा माग धान्न सकिरहेका छैनौँ,' लावतीले भने।

पछिल्लो समय हराउन लागेको फापरखेतीलाई जोगाउन किसान व्यावसायिक फापरखेतीमा लाग्नुपर्ने स्वयं किसान नै बताउँछन् । निकै महत्वपूर्ण खाद्यान्न भएकाले फापरको संरक्षणमा सबै लाग्नुपर्ने माङ्सेबुङ–३ का किसान कृष्ण बूढाथोकी बताउँछन्। 'हामी सानै हुँदा गाउँघरमा फापरको प्रशस्त खेती हुन्थ्यो। आजकल क्रमशः कम हुँदै गएको देखिन्छ,' उनले भने, 'रैथानेबाली फापरको संरक्षण र प्रवद्र्धनमा सबैको साझा पहल आवश्यक छ। त्यसका लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकाले स्पष्ट नीति बनाएर पकेट क्षेत्र विकास, उत्पादन प्रवद्र्धन र बजारीकरणसँग जोडिएका कार्यक्रम सञ्चालन गर्नुपर्छ।'

**पोषणयुक्त खाद्यान्नबाली**

फापरलाई निकै लोकप्रिय खाद्यबालीका रुपमा लिइन्छ । स्वास्थ्यलाई निकै फाइदा पुर्याउने फापरबाट खाना, आँटो, ढिँडो, रोटीलगायत विभिन्न परिकार बनाएर उपभोग गर्ने गरिएको छ। स्थानीयस्तरमा फापरलाई भात (खाना) को रुपमा, मुन्टा (कमलो काण्ड र पात) लाई साग तरकारीका रुपमा, पिठोबाट रोटी, ढिँडो, च्याख्लालाई जाँड, रक्सी आदि बनाएर खाने गरिन्छ । फापरको पिठोबाट चाउचाउ, केक, बिस्कुट, कुकिज, पाउरोटी, मम, सुप, सेलरोटी, हलुवा, प्यान केक आदि बनाएर खाने चलन छ।

फापर पोषणयुक्त खाद्यान्न हो । फापरमा २४ भन्दाबढी प्रकारका पौष्टिक तत्व पाइन्छ। फापरमा प्रशस्तमात्रामा पाइने म्याग्नेसियम शरीरलाई स्वस्थ राख्न उपयोगी मानिन्छ। फापरमा प्रशस्त मात्रामा रेसादार तत्व, भिटामिन बी १, बी २ र बी ६, प्रोटिन, खनिज पाइन्छ। शाकाहारीका लागि फापर प्रोटिनको स्रोत हो । फापर मधुमेह नियन्त्रणका लागि पनि लाभदायक मानिन्छ । फापर मिनरल, भिटामिनको राम्रो स्रोत मानिन्छ। साथै कार्बोहाइड्रेट, फाइबर, प्रोटिन, चिल्लो पदार्थ र प्रोटिन पनि पाइन्छ। त्यसैले फापरलाई औषधिका रुपमा पनि बढी महत्व दिने गरेको पाइन्छ।

फापरमा औषधीय गुण भएकाले यसको बजारमा माग बढ्दो छ । किरात धर्मगुरु आत्मानन्द लिङ्देनको बसोबास रहेको क्षेत्र 'शाकाहारी गाउँ' माङ्सेबुङ गाउँपालिकामा नै पर्ने भएकाले पनि अधिकांश फापर त्यही खपत हुने गरेको अध्यक्ष लावतीको भनाइ छ। यसका साथै झापाको दमक, विर्तामोडलगायत बजारमा व्यापारीमार्फत माङ्सेबुङको फापर बिक्री हुने गरेको छ । माङ्सेबुङ गाउँपालिकामा फापर उत्पादन हुने कुनै यकीन तथ्याङ्कसहितको दस्तावेज छैन। यद्यपि, व्यावसायिक र व्यक्तिगत प्रयोजनका लागि गरी बढीमा पाँच मेट्रिकटनसम्म फापर उत्पादन हुँदै आएको माङ्सेबुङ गाउँपालिका कृषि विकास शाखाकी नायब पशु प्राविधिक राईले जानकारी दिए।

नेपालमा फापरखेती प्राचीनकालदेखि गरिँदै आएको बाली हो। विशेषगरी हिमाली र पहाडी भेगमा उत्पादन हुने रैथाने बाली फापर पोषणयुक्त खाद्यान्न हो। यसलाई भौगोलिक स्थानअनुसार ग्रीष्म, हिउँदे, शरद् र बसन्ते बालीका रुपमा खेती गरिँदै आएको छ । फापरलाई ठण्डा र आद्र हावापानी फाप्दछ तर पनि अलि बढी न्यानो तापक्रममा पनि खेती गर्न सकिन्छ । हिउँ र तुषारोलाई छलेर खेती गर्न सकेमा निकै उचाइमा फापरखेती गर्न सकिन्छ। नेपालमा दुई हजार १ सय मिटरभन्दा माथिको भागमा फापर बढीमात्रामा खेती गरेको पाइन्छ।

**खेती प्रविधि र बीउको संरक्षण**

फापरको खेती निकासयुक्त बलौटे दुमट तथा पाँगो दुमट माटोमा राम्रो मानिन्छ। पानी जम्ने ठाउँमा यसको खेती गर्न सकिँदैन। अन्य बालीजस्तो यो बालीलाई धेरै मलिलो माटो पनि चाँहिदैन। धेरै मलिलो माटोमा फापर लगाउँदा पछि बाली ढल्छ । चिम्ट्याइलो माटोमा फापरको उम्रने शक्तिमा असर पर्ने हुँदा अङ्कुरण एकैनासको हुँदैन। फपेर्ले माटोमा अमलियपन सहन सक्छ। यसका लागि ५–६ पी एच उपयुक्त मानिन्छ । यसका लागि जमिनलाई १–२ पटक हलो वा ट्र्याक्टरले जोतेर डल्ला फोरी झारपातहरु हटाउनुपर्छ । रोप्ने समयमा माटोमा चिस्यान हुनुपर्छ। जमिनको राम्रो तयारी भएमा एक नासले फापर उम्रन्छ र बोटको उपयुक्त घनत्व कायम हुन्छ।

फापरखेतीका लागि गोठेमल वा कम्पोष्ट मल उपयुक्त मानिन्छ। पापर रोप्नुभन्दा १५–३० दिन अगाडि राम्रोसँग पाकेको मल १००–१५० केजी प्रतिहेक्टरको दरले माटोमा एक नासले पर्ने गरेर तुरुन्तै माटोमा जोतेर वा खनेर मिलाउनु पर्दछ । फापर खाद्यान्न वा बीउ उत्पादनको निम्ति खेती गर्दा तराई भेगमा कात्तिकमा, मध्य पहाडमा भदौ र फागुन गरी दुई समयमा र उच्च पहाडमा वैशाखमा खेती गर्न सकिन्छ। बीउ टिप्नेबित्तिकै पनि उम्रने हुँदा तरकारी र सागको लागि हिउँ, तुसारो तथा अतिचिसो समय छलेर अन्य जुनसुकै बेलामा लगाउन सकिन्छ। बीउका लागि एक वर्षभन्दा पुरानो बीउ हुनुहुँदैन । बीउका लागि खोस्टासहितको दानालाई घाममा सुकाएर एक वर्षसम्म साधारण घरमा राख्न सकिन्छ। दानालाई माटोको भाँडामा, माटोले लिपेको काठ वा बाँसको भाडामा, टिनमा, काठको बाकसमा वा थैलोमा राख्न सकिन्छ।

पोषणयुक्त रैथानेबाली फापरको संरक्षमा भने निकै चुनौती रहेको किसान बताउँछन् । अन्य नगदेबालीभन्दा कम उत्पादन हुने र बोक्रा निकाल्न गाह्रो हुने, बढी उत्पादन दिने जात र फापरसम्बन्धी अन्य प्रविधिको विकास हुन नसक्नु, दाना सानो हुने र पिठो कम पर्ने, मीठे फापरमा न्यूनमात्रामा दाना लाग्ने, तीतोपन बढी, तुसारो र चिसोले उत्पादनमा असर गर्नुलगायत कारण फापरखेती संरक्षणमा चुनौती रहेको किसानको भनाइ छ।

# मौलाकालिका मन्दिर:

# पूजाआजासँगै शारीरिक व्यायामथलो

**–टेकराज पोखरेल–रासस**

**नवलपरासी** (बर्दघाट–सुस्तापूर्व)को गैँडाकोट–१ मा अवस्थित ऐतिहासिक धार्मिकस्थल मौलाकालिका मन्दिरमा पूजाआजासँगै व्यायम गर्नका आउने मानिसहरुको संख्या बढ्दै गएको छ । महेन्द्र राजमार्गको गैँडाकोटबाट करिब चार किलोमिटर उत्तरमा पहाडको टाकुरामो रहेको यस मन्दिरमा स्थानीयहरु दैनिक व्यायम गर्नसमेत आउने गरेका छन्।

धार्मिक सेवा समिति मौलाकालीका अध्यक्ष खगेन्द्रदास कँडेलले टाढाटाढाबाट देवी कालीको दर्शन गर्न श्रद्धालुहरु आउने गरेका उल्लेख गर्दै स्थानीयहरु पूजाआजासँगै दैनिक शारीरिक व्यायमका लागि आउने गरेका बताए । 'ऐतिहासिक शक्तिपीठको रुपमा रहेको यस मन्दिरमा नेपालबाट मात्रै नभएर भारतबाट समेत भक्तजन आउने गरेको छ,' उनले भने, 'तर, स्थानीय युवाहरु व्यायम गर्नका लागि दैनिक मन्दिरमा आउने गरेका छन्।' कँडेलले सामान्य दिनको तुलनामा बिदाको दिनमा मन्दिरमा भक्तजनहरुको उपस्थिति बढी हुने बताए । 'मन्दिरमा दैनिक रुपमा दुई हजारभन्दा बढी श्रद्धालुहरु आएर दर्शन गर्नुहुन्छ,' अध्यक्ष कँडेलले भने, 'शनिबारसहित बिदाको दिन तथा चाडपर्वमा भने यहाँ भक्तजनको अत्यधिक भीड हुने गरेको छ।'

मन्दिरमा विशेष गरी नवदुर्गा (ठूलो दसैं), माघे सङ्क्रान्ति, सरस्वती पूजा, चैतेदसैं, नयाँ वर्षजस्ता विशेष अवसरमा भक्तजनको उल्लेख्य उपस्थिति हुने गरेको कँडेलको भनाइ छ । 'दसैँ र नयाँ वर्षमा यहाँ देवीको दर्शनका लागि आउने मानिसहरु पाँच–छ घण्टासम्म लाइन बसेर दर्शन गर्नुपर्ने अवस्था छ,' कँडेलले भने, 'विशेष पर्वहरुमा हामीलाई यहाँको व्यवस्थापनमा निकै कठिन हुँदै आएको छ।

समुद्री सतहबाट ५ सय ६१ मिटर उचाइमा पहाडी वनको धुरीमा मौलाकालिका भगवतीको मन्दिर अवस्थित छ । १६औँ शताब्दीमा पाल्पा राजा मणिमुकुन्द सेनले देवी कलिकाको नाममा 'प्रतीक' को प्रतीकात्मक प्रस्तुतिस्थल सृजना गरेपछि यस पर्वत (मौला पहाड) को नाम रहन गएकाले यसको ऐतिहासिक महत्व भएको मन्दिरका मूल पुजारी क्षेत्रप्रसाद पराजुलीले बताए । 'सोह्रौँ शताब्दीमा यस ठाउँ पाल्पा राज्यको रुपमा अवस्थित थियो। राजा मणिमुकुन्द सेनले आफ्नो सुरक्षाका निम्ति सेनाको ब्यारेक स्थापना गरेका थिए,' उन ले भने, 'राजा यस ठाउँमा आएर स्नान र पूजा गर्थे। सेनाले भगवान्को आस्थास्वरुप देवीको स्थापना गरेर पूजा गर्ने गरेका थिए।'

यहाँ रहेको मन्दिरको पुरानो संरचना विसं १९९० सालमा आएको भूकम्पमा सबै क्षति भएर मौलाकालिका माताको पूजा गर्ने ठाउँ जङ्गल हुन पुगेको पराजुलीले बताए। 'भूकम्पको करिब ४० वर्षपछि यसै ठाउँमा काशिनाथ पौडेल भन्ने ब्राह्मणलाई सपनामा सेतो कपडा लगाएकी महिलाले म देवी हुँ मलाई उद्धार गर, म एउटा ठूलो डाँडाको सालको रुखमुनि अलपत्र छु भनेर गइन् भन्ने गरिएको छ,' उनले भने, 'भोलिपल्ट ती ब्राह्मणले छिमेकीलाई भन्न जाँदा कुमारसिंह गुरुङले उनको कुरामा विश्वास गरेर उनको सहयोगमा हात हतियार बोकेर जङ्गल फडानी गर्दा डाँडाको टुप्पामा ठूलो सालको रुख भेटाएको कुरा यहाँ प्रचलित छ।' रुखको तल खोस्रिएर हेर्दा खिया लागेको घण्टी, ओखलको ढुङ्गा, भगवती कालिकाको शिला भेटाएपछि पूजा गर्ने ठाउँ बनाइएको पराजुलीले बताए।

'त्यहाँ उत्पत्ति भएको कालिकाको प्रभावले विभिन्न ठाउँबाट भक्तजनहरु आउन लागे' पराजुलीले भने, 'आस्था र भक्तिको प्रभावले विभिन्न ठाउँबाट आएका भक्तजनहरुले मनकामना पूरा हुने बताउन थालेपछि भक्तजनहरु निरन्तर आउने क्रम बढेको छ ।' हिन्दू पौराणिक कथाअनुसार देवी काली वा कालिका माईलाई ऊर्जा, शक्ति र नयाँ सुरुआतको प्रतीक मानिने पराजुलीले बताए । 'मन्दिरलाई स्थानीयस्तरबाट धेरै पटक पुनःस्थापित गरिएको उनको भनाइ छ।

सहरी क्षेत्रबाट नजिकै भएकाले पनि यहाँ देवी भगवतीको दर्शनसँगै स्थानीयहरु शारीरिक व्यायम गर्न आउनेहरुको सङ्ख्या दिनानुदिन बढ्दो क्रममा छ। 'रनिङ बढाउन तथा विभिन्न व्यायम गर्न हामी नियमितरुपमा मन्दिरमा आउने गरेका छौँ,' गैँडाकोटका शुभम् अधिकारीले भने, 'लाहुरेको तयारीका लागि पनि फिजिकल फिटनेस आवश्यक हुने भएकाले नियमित मन्दिर ओहोरदोहोर गर्छु ।' नेपाली सेना, भारतीय सेना तथा ब्रिटिस आर्मीमा भर्ती हुनका लागि तयारी गरेका युवाहरु दैनिकरुपमा मन्दिरमा दौडिएर आउजाउ गर्छन्।

गैँडाकोटको निजी कलेजबाट कक्षा १२ को परीक्षा दिएर बस्नुभएका समीर गुरुङले आफू शनिबार र बिदाको दिन मौलाकालिका मन्दिर पुग्ने गरेको बताए। 'ब्रिटिस लाहुने बन्ने इच्छा छ, त्यसैले मेहनत गर्ने गरेको छु,' उनले भने, 'हामी समूहमा मन्दिर उक्लन्छौँ, दौडेर मन्दिर पुग्नका लागि करिब २० मिनेट लाग्ने गरेको छ।' जाडोमा भारी बोकेर मन्दिरको उकालो उक्लने गरेको भए पनि गर्मी महिनामा रित्तै दौडिने गरेको गुरुङको भनाइ छ।

धनुषाको जनकपुरबाट मौलाकालिका दर्शन गर्न आउनुभएका रामनरेश यादवले अटो रिक्सामार्फत मन्दिर नजिकै पुग्न सहज भएको बताए । 'मौलाकालिका माताको महिमा सुनेर दर्शन गर्न आयौँ,' उनले भने, 'देवघाटमा बैठकमा डाकेर आएका थियौँ, त्यसैको छेको पारेर मौलाकालिका माताको दर्शन गर्न आयौँ।'

मौलाकालिका मन्दिरको फेदीमा गर्मी भइरहेको अवस्थामा मन्दिर पुगेर देवी भगवतीको दर्शन गर्दा र त्यहाँको वातावरणले आफूलाई छुट्टै प्रकारको खुसीको अनुभूति भएको यादवको भनाइ छ।

योगका अगुवा राम देव, आचार्य बालकृष्णले पनि सन् २०११ मा मन्दिरको दर्शन तथा भ्रमण गरेको थियो । सिँढीमार्ग हुँदै मन्दिर पुग्न करिब एक हजार ८८२ सिँढी उक्लनुपर्छ। अहिले मन्दिर जानका लागि पैदल यात्रासँगै साना सवारीसाधन एवं केबलकारले सहज बनाएको छ।

# मर्यादित महिनावारी प्रवर्द्धन कार्यक्रम प्राथमिकतामाः मन्त्री वादी



**काठमाडौं ।**
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता वादीले महिला तथा किशोरीलाई महिनावारी भएका बखत गरिने विभेद र हिंसा न्यूनीकरणका लागि छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४ कार्यान्वयनमा रहेको बताएका छन् ।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा मन्त्रालयसँग सम्बन्धित प्रश्नको जवाफ दिँदै उनले मन्त्रालयले मर्यादित महिनावारी प्रवद्र्धनसम्बन्धी कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न निर्देशिकाको मस्यौदा तयार गरेको जानकारी दिएका छन् । मस्यौदामा मर्यादित महिनावारी प्रवद्र्धनसम्बन्धी कार्यक्रम कार्यान्वयनको मार्गदर्शन, समन्वय तथा कार्यान्वयन तथा अनुगमनलगायतका विषयहरू समावेश गरिएको मन्त्री वादीले उल्लेख गरे ।

मन्त्रालयले तयार गरेको मस्यौदाउपर प्रदेशस्तरमा छलफल सम्पन्न भएको र प्रदेशस्तरको छलफलबाट प्राप्त सुझावअनुसार उक्त दस्तावेजलाई अन्तिम रूप दिइने व्यहोरा उहाँले सदनलाई जानकारी गराएका छन् ।

मन्त्रालयले प्रदेश र स्थानीय तहसँगको समन्वयमा सामाजिक कुरीतिविरूद्धको सामाजिक सचेतनामूलक कार्यक्रम सञ्चालन तथा राष्ट्रियस्तरका सञ्चारमाध्यमबाट पाक्षिक रूपमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ, उनले भने ।

मन्त्रालयले यही आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेशमा मर्यादित महिनावारी प्रवद्र्धनसम्बन्धी कार्यक्रम सम्पन्न भएको अवगत गराउँदै उनले आगामी दिनहरूमा समेत मन्त्रालयले प्रदेश र स्थानीय तहमा समेत मर्यादित महिनावारी प्रवद्र्धन तथा सामाजिक सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने बताएका छन् । रासस

# युवा लक्षित रोजगारी र स्वयंसेवा कार्यक्रम विस्तार गर्न मन्त्री चौधरीको निर्देशन



**काठमाडौँ ।**
कृषि, वन तथा पर्यावरण मन्त्री गीता चौधरीले मन्त्रालयअन्तर्गतका सबै विभाग तथा निकायलाई युवाका लागि रोजगारी, पारिश्रमिकसहितको प्रशिक्षण तथा स्वयंसेवाका अवसर विस्तार गर्दै परिणाममुखी ढंगले काम गर्न निर्देशन दिएकी छन् ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयमा आज नेपाल कृषि अनुसन्धान परिषद् (नार्क), दुग्ध विकास संस्थान, जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, जल तथा मौसम विज्ञान विभागलगायत मन्त्रालयअन्तर्गतका विभाग तथा निकायका प्रमुखसँग भएको छलफलमा उनले वर्तमान सरकारप्रति विशेषगरी युवा पुस्ताको भरोसा रहेकाले त्यसअनुरूप परिणाम देखिने गरी काम गर्नुपर्ने बताएकी छन् । कानुनी एवं नीतिगत व्यवस्था गर्न आफू तत्पर रहेको पनि उनले बताइन् ।

मन्त्री चौधरीले मन्त्रालयअन्तर्गतका सबै विभाग तथा निकायलाई यसै महिनाभित्र आफ्नो मातहतबाट कति युवालाई रोजगारी, पारिश्रमिकसहितको प्रशिक्षण तथा स्वयंसेवा कार्यक्रममा सहभागी गराउन सकिन्छ भन्ने विस्तृत विवरण तथा कार्ययोजना तयार गरी मन्त्रालयमा पेस गर्न निर्देशन दिइन् । उनले कार्यान्वयनमुखी र परिणाममुखी ढंगले काम गर्न आग्रह गर्दै कृषि, वन तथा पर्यावरण क्षेत्रलाई युवाका लागि आकर्षक रोजगारीको क्षेत्रका रूपमा विकास गर्नुपर्नेमा जोड दिइन् ।

विभागीय प्रमुखहरूले देशभर रहेका आफ्ना कार्यालयमार्फत हाल पनि पारिश्रमिकसहित तथा पारिश्रमिकविहीन प्रशिक्षण र स्वयंसेवा कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिएका थिए । विभिन्न विश्वविद्यालयसँग सहकार्य गरी विद्यार्थीलाई 'इन्टर्नशिप'मा सहभागी गराउने प्रयास भइरहेको भए पनि केही कानुनी व्यवस्थाका कारण त्यसो गर्न नसकिएको उनीहरूले बताए । रासस

# संवैधानिक निकायका प्रतिवेदन कार्यान्वयन गर्न सरकार प्रतिबद्ध छः मन्त्री गौतम

**काठमाडौं ।**
कानुन न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले संवैधानिक निकाय प्रतिवेदनले दिएका सिफारिस कार्यान्वयनका लागि सरकार प्रतिबद्ध रहेको बताएकी छन् । राष्ट्रियसभाको शुक्रबारको बैठकमा पहिलो पटक राष्ट्रिय समावेशी आयोगको आर्थिक वर्ष २०८१/८२ को प्रतिवेदनमाथि भएको छलफलमा उनले छलफलमा उठेका विषवस्तु तथा सुझाव कार्यान्वयन गरिने बताइन् ।



प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट जवाफ दिँदै मन्त्री गौतमले संवैधानिक निकाय सरकारबाट स्वतन्त्र हुने र सांसदप्रति जबाफदेही हुने भएकाले सरकार संवैधानिक निकायका प्रतिवेदनका सिफारिस कार्यान्वयनमा मात्र सीमित हुने उल्लेख गरिन् । यस अघि कार्यव्यवस्था समितिको बैठकमा यस्ता छलफल हुने गरिएको भएपनि सदनमा भएको यो छलफल नयाँ प्रयोग र नौलो अभ्यास भएको उनको भनाई थियो । उक्त प्रतिवेदनमाथिको छलफल माथि भाग लिँदै यसअघि सांसदहरु पदमबहादुर परियार, मदनकुमारी शाह, प्रेमप्रसाद दंगाल, मोहम्मद खालिद, तुलप्रसाद विश्वकर्मा, धर्मेन्द्र पासवान, सुरेशकुमार आलेमगर, रोशनी मेचे, कृष्णप्रसाद अधिकारी, सोमनाथ पोर्तेल, विष्णुबहादुर विश्वकर्माले आफ्ना धारणा व्यक्त गरेका थिए । रासस

# प्रतिनिधिसभामा बैठकः समसामयिक विषयमा सरकारको ध्यानाकर्षण

**काठमाडौं ।**
प्रतिनिधिसभाको शुक्रबारको बैठकमा सांसदहरूले समसामयिक विषयमा सदन र सरकारको ध्यानाकर्षण गराएका छन् । बैठकको शून्य गणेश नेपालीको निधनको छानबिनदेखि लिएर किसानलाई मलको व्यवस्थासम्मका विषयमा उनीहरूले सदन र सरकारको ध्यानाकर्षण गराएका हुन् ।

सांसद जोगकुमार बरबरिया यादवले देशभरका किसान मलखाद नपाएर चिन्तित भएका बताए । सांसद टेकबहादुर शाक्यले पनि सोही विषयमा सरकारलाई गम्भीर हुन आग्रह गरे । सांसद चन्द्रमोहन यादवले मुगुका युवक गणेश नेपालीको निधनप्रति श्रद्धाञ्जली व्यक्त गर्दै देशमा निराशाजनक अवस्था सिर्जना भएकोप्रति मौन रहेर विरोध गराए । सांसद जगत्प्रसाद जोशीले नेपालीप्रति श्रद्धाञ्जली अर्पण गरे भने अर्का सांसद जनकराज गिरीले सदनको गतिरोध हटाउन प्रधानमन्त्रीले सदनमा आएर सांसदले उठाएका सवालको जवाफ दिनुपर्ने माग गरे ।

सांसद जनकसिंह धामीले बेलौरी भन्सार व्यवस्थापनमा सरकारले ध्यान दिनुपर्नेमा जोड दिए । सांसद झविलाल डुम्रेले स्याङ्जाका अधिकांश भेगमा विद्युत् सेवा नियमित नभएकोप्रति सरकारको ध्यानाकर्षण गराए । सांसद टुकाभद्र हमालले त्रिपुरेश्वरमा आत्मदाह गरेका गणेश नेपालीप्रति श्रद्धाञ्जली व्यक्त गर्दै निजका परिवारलाई राहत प्रदान गर्न माग गरे । सांसद तारा विश्वकर्माले लामो समयदेखि गोदावरी नगरपालिकामा पाचाखर्चस्थित १५० घरपरिवार रोजगारीका लागि घर छोड्नुपर्ने अवस्था सृजना भएकोमा दुःख व्यक्त गरिन् ।

सांसद धनबहादुर बुढाले डोल्पामा बत्ती, फोरजीजस्ता आधारभूत सेवा उपलब्ध गराउन सरकारले विशेष प्रयास गर्नुपर्नेमा जोड दिए । सांसद धर्मराज केसीले लमजुङका ग्रामीण सडक निर्माणमा ध्यान दिन सरकारसँग आग्रह गरे । सांसद ध्रुवराज राईले कर्णालीको गरिब गणेश नेपालीको घटनाबाट जरिवाना तिराउने परिपाटीप्रति संवेदनशील हुनुपर्ने बताए । सांसद निश्कल राईले इलामकी मञ्जु तामाङ मलेसियामा मृत्यु भएको घटनाको छानबिन गर्न परराष्ट्र मन्त्रालयमार्फत कूटनीतिक पहल हुनुपर्ने बताए ।

सांसद मीनुकुमारी कर्णले श्रमिक युवा गणेश नेपालीप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शिक्षा, स्वास्थ्य तथा विद्युत्मा गरिएको करको व्यवस्थाले नेपाली जनता पीडित भएका बताइन् । सांसद पवित्रा विकले गरिब जनतालाई पनि सरकारले हेर्नुपर्ने बताइन् । सांसद प्रकाशचन्द्र परियारले गणेश नेपालीको निधनबाट सदन मर्माहत भएको भन्दै यो घटनाको राज्यले छानबिन गरी क्षतिपूर्तिको



प्रबन्ध गर्नुपर्छ भने । सांसद परशुराम तामाङले भोजपुरवासीले सडक निर्माणको माग गरेकाले त्यसतर्फ गम्भीर हुन सम्बन्धित निकायसँग अनुरोध गरे ।

सांसद पुष्पाकुमारी चौधरीले नेपाल प्रहरीको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८०/०८१ मा सात हजार दुई २३ आत्महत्या गरेका जानकारी दिइन् । आर्थिक अभावका कारण त्यसो गरिएको हुनसक्ने तर्क गर्दै उनले गरिब जनतालाई पनि उनीहरूको भरण पोषणमा राज्यले सघाउनुपर्नेमा जोड दिइन् ।

**'नेपालीको घटनामा सरकार गम्भीर भई सत्यतथ्य छानबिन गर्नुपर्छ'**

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा सांसदहरूले गणेश नेपालीको आत्मदाह प्रयासपछि निधन भएको विषयमा सरकार गम्भीर भई सत्यतथ्य छानबिन गर्नुपर्ने माग गरेका छन् । शुक्रबारको बैठकमा समय लिएर सांसद महेन्द्रबहादुर शाहीले नेपालीले आत्मदाहको प्रयास गर्नुको कारण पत्ता लगाउन निष्पक्ष छानबिन गर्नुपर्नेमा जोड दिँदै दोषीलाई कारबाही र पीडित परिवारलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्न सरकारसँग माग गरे । दैलेखको शान्तिगडा दुर्घटनामा परी निधन भएकाको १८ दिनपछि शव प्राप्त भएको जनाउँदै उनले मृतकका परिवारलाई उचित क्षतिपूर्ति दिन माग गरे ।

सांसद कलावती शर्माले भुटानी नागरिक विदेशबाट आएर पनि बास पाएकामा नेपालका सुकुमवासीले भने आफ्नै देशमा बास नपाएको विषयप्रति सरकारको ध्यानाकर्षण गराए । सांसद साजिदा खातुन सिद्धिकीले बिहीबार त्रिपुरेश्वरमा भएको गणेश नेपालीको आत्मदाहको घटनापछि आमनागरिकमा मनोसामाजिक अवस्था खस्किएको देखाउने भन्दै यसतर्फ सरकार सचेत हुनुपर्नेमा जोड दिए । सांसद बिना गुरुङले घान्द्रुकसहित पर्यटकीयस्थलमा पर्यटकको आवागमन पूर्ण रूपमा ठप्प भएकाले पदमार्ग खोल्न माग गरिन् । सांसद जगदीश खरेलले गणेश नेपालीको आत्मदाहको घटनाको सरकारले निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्ने विश्वास व्यक्त गरे । बैठकमा लक्ष्मीप्रसाद पोखरेल, गङ्गालक्ष्मी अवाल, सीता थपलियालगायत सांसदहरूले गणेश नेपाली आत्मदाह घटनाका विषयमा निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्न र पीडित परिवारलाई उचित क्षतिपूर्ति दिन सरकारसँग माग गरे । रासस

# सदनको जनसरोकारका विषयको प्रगति सांसदलाई फोन गरेरै जानकारी गराइने

**काठमाडौँ ।**
सरकारले संघीय संसदमा सांसदहरूले उठाउने जनसरोकारका प्रश्न तथा समस्या समाधानको प्रगति सम्बन्धित सांसदलाई फोन नै गरेर जानकारी गराउने व्यवस्था कार्यान्वयनमा ल्याएको छ । साथै त्यसको साप्ताहिक अनुगमन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट गर्ने व्यवस्था गरिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शुक्रबार विभिन्न मन्त्रालयसँगको समन्वयका लागि तोकिएका अधिकारीसँग भएको छलफलमा प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार असिम शाहले दुवै सङ्घीय संसदमा उठ्ने जनसरोकारका विषयलाई टिपोट र अभिलेखीकरणमा मात्र सीमित नराखी समाधानसम्म पुर्याउने गरी आजैदेखि सक्रिय रूपमा काम गर्न सम्बन्धित मन्त्रालयलाई आग्रह गरे ।

सांसदहरूले नागरिकका जनजीवनसँग सम्बन्धित उठाउने प्रश्न र समस्यालाई केवल रेकर्ड गर्ने अभ्यासमा सीमित राख्नु हुँदैन । सम्बन्धित मन्त्रालयले समाधानका लागि सक्रिय रूपमा काम गर्नुपर्छ, भएको प्रगति सम्बन्धित सांसदलाई प्रत्यक्ष सम्पर्क गरेर जानकारी गराउनुपर्छ , उनले भने ।

शाहका अनुसार सम्बन्धित सांसद्ले उठाउने विषयका सम्बन्धमा सम्बन्धित भएको काम कारबाहीबारेको प्रतिवेदन प्रत्येक साता सम्बन्धित मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनुपर्नेछ । प्रधानमन्त्री कार्यालयले त्यसको नियमित र सूक्ष्म अनुगमन गर्नेछ । शाहले सभामुख र प्रमुख सचेतकलाई समेत यस व्यवस्थाबारे जानकारी गराइने बताए । आफू सांसद रहँदाको अनुभव सुनाउँदै उनले भने, सदनमा उठाइएका प्रश्न सरकारसम्म पुगेर पनि प्रभावकारी रूपमा सम्बोधन नभएको अनुभूति हुँदा सांसदहरूको मनोबल कमजोर हुने गरेको थियो । वर्तमान सरकारले सबै दलका सांसदले उठाउने जनसरोकारका विषयलाई सरकारको साझा जिम्मेवारीका रूपमा लिएर समाधान गर्नेछ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव एवम् प्रवक्ता हेमराज अर्यालले सरकारले संसदमार्फत नागरिकप्रतिको प्रत्यक्ष उत्तरदायित्वलाई थप प्रभावकारी बनाउन यो व्यवस्था अघि बढाएको बताए । उनकाअनुसार प्रतिनिधिसभा र राष्ट्रियसभामा शून्य समय, विशेष समय वा अन्य प्रक्रियामार्फत उठाइने जनसरोकारका सबै विषयलाई समाधानमुखी ढङ्गले सम्बोधन गरिने भएको हो । मन्त्रीले सदनमा मौखिक जवाफ दिएर मात्र नपुग्ने भएकाले अब सम्बन्धित मन्त्रालयका कर्मचारीले प्रश्न उठाउने सांसदलाई प्रत्यक्ष फोन सम्पर्क गरी समाधानको प्रगति जानकारी गराउने व्यवस्था गरिएको उनले स्पष्ट पारे । यसअघि मन्त्रीको जवाफपछि प्रश्न वा समस्याको कार्यान्वयन अवस्था सम्बन्धित सांसदलाई जानकारी गराउने व्यवस्थित संयन्त्र नरहेको उल्लेख गर्दै उनले अब त्यसलाई संस्थागत गर्न लागिएको प्रधानमन्त्री कार्यालयले जनाएको छ । रासस

# राष्ट्रियसभा बैठकः नेपालीको परिवारलाई उचित राहत र क्षतिपूर्ति दिइयोस्

**काठमाडौं ।**
राष्ट्रियसभाको शुक्रबारको बैठकमा सांसदहरूले त्रिपुरेश्वरमा आत्मदाहको प्रयास गरेपछि मृत्यवरण भएका गणेश नेपालीको परिवारलाई उचित राहत र क्षतिपूर्तिको प्रबन्ध मिलाउन सरकारसँग माग गरेका छन् ।

बैठकको शून्य समयमा सांसद कृष्णबहादुर रोकायाले नेपालीको उक्त घटना कसरी हुन गयो ? किन भयो ? भन्ने विषयमा सरकारले सत्यतथ्य छानबिन गरेर संसद्लाई जानकारी गराउन माग गरे । आत्मदाह गरेर मृत्युवरण गर्नुभएका नेपालीको परिवारको आर्थिक अवस्था दयनीय रहेकाले उनको परिवारलाई पालनपोषण र हेरचाहका लागि सरकारले आवश्यक राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन पनि सरकारसँग माग गरेका छन् ।

सांसद मनरुपा शर्माले बिहीबार त्रिपुरेश्वरमा घटेको जस्तो घटना आगामी दिनमा दोहोरिन नदिन सरकार गम्भीर बन्नुपर्ने धारणा राख्नुभयो । सांसद रुक्मणी कोइरालाले जनतामा आत्मदाह गर्नुपर्ने बाध्यता किन सृजना भइरहेको छ ? सोको जवाफ माग गरेका छन् । सांसद रेनु चन्दले सेवाप्रवाहका नाममा जथाभावी कर र दण्डको त्रास आमनागरिकलाई दिन नहुने भन्दै यसबारे सरकार गम्भीर बन्नुपर्ने बताएका छन् ।

सांसद पूजा चौधरीले कैलालीमा कार्यरत प्रहरी नायब उपरीक्षकले केही बोलेकै आधारमा स्पष्टीकरण सोध्नु न्यायोचित नहुने धारणा राखेका छन् । सांसद विष्णुकुमारी सापकोटाले हिजो त्रिपुरेश्वरमा भएको जस्तो घटना आगामी दिनमा दोहोरिन नदिन सरकार सचेत बन्नुपर्नेमा जोड दिएका छन् । सासंद विष्णुदेवी पुडासैनीले आगामी दिनमा राज्यको जरिवानाकै विष्णु नेपालीको जस्तो कसैको पनि ज्यान जान नहुने भन्दै यसका लागि सबैलाई मान्य हुनेगरी दण्ड, जरिवानाको व्यवस्था गर्न सरकारसँग माग गरेका छन् । सांसद विष्णुबहादुर विश्वकर्मा आगोले जलिरहेको मान्छेलाई अपराधी जसरी घिसारेर अस्पताल लगिएको भिडियो सार्वजनिक भएको बताउँदै यसबारे पनि सत्यतथ्य खोजी गरिनुपर्नेमा जोड दिएका छन् ।

सांसद श्रीकृष्णप्रसाद अधिकारी गरिब, निमुखा जनतालाई केन्द्रमा राखी नीति निर्माण गरी कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका छन् । सांसद सावित्री मल्लले गणेश नेपालीले आत्मदाहको बाटो रोज्नुको कारणका विषयमा निष्पक्ष छानबिन गर्न सरकारसँग माग गरेका छन् । रासस

# फिफा विश्वकप २०२६: फ्रान्स सेमिफाइनलमा प्रवेश



**काठमाडौं ।**
कप्तान किलियन एमबाप्पे र उसमान डेम्बेलेको गोलमा मोरक्कोलाई हराउँदै फ्रान्स फिफा विश्वकप २०२६ को सेमिफाइनलमा प्रवेश गरेको छ ।
अमेरिकाको बोस्टन स्टेडियममा शुक्रबार भएको पहिलो क्वाटरफाइनल खेलमा मोरक्कोलाई २–० गोलले पराजित गर्दै फ्रान्स विश्वकपको सेमिफाइनलमा पुगेको हो । एमबाप्पेले पहिलो हाफमा पेनाल्टीमार्फत गोल गर्न सकेनन् । दोस्रो हाफमा भने गोल गर्न सफल भए भने अर्को गोलको लागि सहयोगी बने । फ्रान्स लगातार तेस्रोपटक विश्वकपको सेमिफाइनलमा प्रवेश गरेको हो ।
यसअघि फ्रान्सले सन् २०१८ मा विश्वकपको ट्रफी जितेको थियो भने २०२२ मा उपविजेता बनेको थियो । शुक्रबार खेलको ६०औँ मिनेटमा एम्बाप्पेले गोल गर्दै फ्रान्सलाई पहिलो अग्रता दिलाए । त्यसपछि खेलको ६६औँ मिनेटमा उनले नै पास मिलाएपछि उस्मान डेम्बेलेले गोल गर्दै फ्रान्सको अग्रता दोब्बर बनाए ।
यसपछि खेलमा थप गोल हुन सकेन र फ्रान्सले मोरक्कोमाथि २–० गोलको जित निकाल्यो । फ्रान्सले अब सेमिफाइन खेलमा बेल्जियम र स्पेनबीचको विजेता टोलीसँग प्रतिस्पर्धा गर्नेछ । रासस

# कोरियाबाट फर्केर नर्सरी व्यवसाय, टिकटकबाटै बेच्छन् बिरुवा




**काठमाडौं ।**
वैदेशिक रोजगारीका लागि लामो समय विदेशमा पसिना बगाउने अधिकांश नेपाली युवाको सपना हुन्छ, स्वदेशमै फर्केर उद्यम गर्ने । यस्तै, सपनालाई यथार्थमा परिणत गर्न सफल भएका छन् झापाको भद्रपुर नगरपालिका–९ चन्द्रगढीका फिलिप लिम्बू । दक्षिण कोरियामा एक दशक बिताएर गत वर्ष नेपाल फर्किएका लिम्बूले आफ्नै जन्मथलोमा श्रीमतीको नाममा 'सेवारो फूल कथा नर्सरी' स्थापना गरी व्यावसायिक पुष्पखेती र बिरुवा उत्पादनको काम सुरु गरेका हुन् ।
सानैदेखि फूलप्रति विशेष रुचि राख्ने लिम्बूले विदेशमा रहँदा पनि अवसर पाएसम्म बगैँचा र हरियालीसँग जोडिएका काम नियाले । स्वदेश फर्किएपछि त्यही रुचिलाई व्यवसायमा रूपान्तरण गर्ने अठोटका साथ उहाँले नर्सरी स्थापना गरे । रोजगारीका सिरसिलामा लामो समय विदेश बसियो । पैसा कमाइयो, तर परिवारसँग बस्न पाइएन, लिम्बूले भने, आफ्नै देशमा केही गर्नुपर्छ भनेर कोरियामा हुँदै योजना बनाइसकेको थिएँ । अहिले परिवारसँगै बसेर आफ्नै रुचिको व्यवसाय गर्न पाउँदा आर्थिक आम्दानीसँगै आत्मसन्तुष्टि पनि मिलेको छ । विदेशमा कमाएको अनुभव र पुँजी आफ्नै माटोमा लगानी गर्न पाउँदा गर्व लाग्छ ।
एक वर्षअघि सुरु गरिएको नर्सरीले छोटो समयमै राम्रो व्यापार गर्न थालेको छ । यहाँ विभिन्न जातका मौसमी फूल, सजावटी बिरुवा, फलफूलका बिरुवा तथा घरआँगन हरियाली बनाउन प्रयोग हुने बिरुवा उत्पादन तथा बिक्री हुँदै आएका छन् । स्थानीय ग्राहकसँगै जिल्ला बाहिरबाट पनि माग बढ्दै गएको लिम्बूले बताए । उनका अनुसार नर्सरीमा उत्पादन भएका बिरुवा अहिले झापामात्र नभई चितवन, धरान, इटहरी, विराटनगर लगायतका विभिन्न स्थानसम्म पुग्न थालेका छन् । व्यवसाय विस्तारसँगै ग्राहकको विश्वास पनि बढ्दै गएको उनको अनुभव छ । गुणस्तरीय बिरुवा उत्पादन गर्ने र ग्राहकलाई आवश्यक परामर्श दिने प्रयास गरेका छौँ, उनले भने, एकपटक बिरुवा लिएर सन्तुष्ट भएका ग्राहक फेरि पनि आउनुहुन्छ र अरूलाई पनि सिफारिस गर्नुहुन्छ । यही नै हाम्रो सबैभन्दा ठूलो उपलब्धि हो ।
लिम्बूको व्यवसाय सफल बनाउन सामाजिक सञ्जाल 'टिकटक' प्रभावकारी माध्यम बनेको छ । उनले नियमित रूपमा नर्सरीमा रहेका फूल, बिरुवा, तिनको हेरचाह गर्ने तरिका तथा नयाँ उत्पादनका भिडियो टिकटकमार्फत सार्वजनिक गर्दै आएका छन् । यसले नर्सरीको प्रचारप्रसारमा ठूलो सहयोग पुगेको उनले बताए । सदुपयोग गर्नेका लागि सामाजिक सञ्जाल निकै राम्रो प्लेटफर्म हो, उनले भने, टिकटकबाट हाम्रो नर्सरी धेरै मानिससम्म पुगेको छ । भिडियो हेरेरै धेरै ग्राहक नर्सरी खोज्दै आउनुहुन्छ । अनि कति ग्राहकले अनलाइनमार्फत 'अर्डर' पनि दिनुहुन्छ । अहिले मेरो लागि सामाजिक सञ्जाल व्यवसाय प्रवद्र्धनको प्रभावकारी माध्यम बनेको छ । सुरुआतमा नर्सरीको संरचना निर्माण, बिरुवा उत्पादन र आवश्यक पूर्वाधार तयार गर्न करिब रु आठ लाख लगानी भएको लिम्बूले जानकारी दिए । यसमा सरकारी निकायले पनि साथ दिएको छ । यसमध्ये राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत कार्यान्वयन एकाइ भद्रपुरबाट पुष्प नर्सरी स्थापना तथा पुष्प व्यवसाय कार्यक्रममार्फत ५० प्रतिशत अर्थात् रु चार लाख अनुदान प्राप्त भएको हो ।
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ भद्रपुरका प्रमुख रवीन्द्र सुवेदीले कृषि क्षेत्रमा नयाँ उद्यमीलाई प्रोत्साहन गर्ने उद्देश्यले यस्ता कार्यक्रम सञ्चालन गरिएको बताए । वैदेशिक रोजगारीबाट फर्किएका युवाले आफ्नो सीप, अनुभव र पुँजीलाई कृषि क्षेत्रमा लगानी गर्नु सकारात्मक कुरा हो, सुवेदीले भने, यस्ता उद्यमले स्थानीयस्तरमा रोजगारी सृजना गर्नुका साथै व्यावसायिक कृषि विस्तारमा पनि टेवा पुग्छ ।
सरकारको नीतिअनुसार कार्यालयले कृषि उद्यमशीलतालाई प्रवद्र्धन गर्न विभिन्न अनुदान तथा प्राविधिक सहयोगका कार्यक्रम सञ्चालन गरिरहेको छ । इच्छाशक्ति र योजनासहित काम गर्ने किसान तथा उद्यमीलाई हामीले निरन्तर सहयोग गरिरहेको उनको भनाइ छ । रासस

# अमेरिका–इरान द्वन्द्वका ताजा घटनाक्रम



**दुबई ।**
संयुक्त राज्य अमेरिका र इरानबीचको सैन्य तनाव थप चुलिएको छ । अमेरिकाले इरानका विभिन्न लक्ष्यमा आक्रमण गरेपछि इरानले खाडी क्षेत्रमा रहेका अमेरिकी सैन्य अड्डा तथा सहयोगी राष्ट्रहरूलाई लक्षित गर्दै क्षेप्यास्त्र र ड्रोन आक्रमण गरेको जनाएको छ । यसबीच पूर्व इरानी सर्वोच्च नेता अली खमेनीलाई उहाँको गृहनगर मशहदमा अन्त्येष्टि गरिएको छ भने इजरायलले आवश्यक परे इरानविरुद्ध पुनः सैन्य कारबाही गर्न तयार रहेको चेतावनी दिएको छ ।
इरानी सरकारी सञ्चारमाध्यमका अनुसार खमेनीलाई मशहदस्थित इमाम रेजा मन्दिर परिसरको स्मारक हलमा दफन गरिएको हो । अन्त्येष्टिका क्रममा हजारौँ समर्थक सडकमा उत्रिएका थिए । धेरैले शिया परम्परामा प्रतिशोधको प्रतीक मानिने रातो झण्डा बोकेका थिए । राजधानी तेहरानबाट मशहदसम्मको रेल सेवा अमेरिकी आक्रमणका कारण मार्गमा क्षति पुगेको भन्दै अस्थायी रूपमा स्थगित गरिएको पनि सरकारी टेलिभिजनले जनाएको छ ।
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँग पछिल्लो सुरक्षा अवस्थाबारे टेलिफोन संवाद गर्नुभएको नेतान्याहुको कार्यालयले जनाएको छ । दुवै देशबीच विभिन्न क्षेत्रमा निरन्तर समन्वय भइरहेको पनि कार्यालयको भनाइ छ । इरानी सञ्चारमाध्यमले बुसेहर बाहिर रहेको सैन्य मुख्यालय अमेरिकी–इजरायली क्षेप्यास्त्रको निशानामा परेको दाबी गरेका छन् । यद्यपि एक अमेरिकी रक्षा अधिकारीले हाल अमेरिकाले इरानमाथि नयाँ आक्रमण नगरेको स्पष्ट पारेका छन् ।
इरानले बहराइन, कुवेत र कतारस्थित अमेरिकी सैन्य अड्डाहरूलाई लक्षित गरी दर्जनौँ क्षेप्यास्त्र र ड्रोन प्रहार गरेको जनाएको छ । अमेरिकी रक्षा अधिकारीका अनुसार ती अधिकांश आक्रमण रोकिएका वा प्रभावहीन बनेका कारण कुनै अमेरिकी सैनिक हताहत भएका छैनन् । बहराइनको राजधानी मनामामा विस्फोटका आवाज सुनिएपछि हवाई आक्रमणको साइरनसमेत बजाइएको थियो । यसैबीच इजरायली रक्षामन्त्री इजरायल काट्जले आवश्यक परे इरानविरुद्धको सैन्य अभियान अझ बलियो रूपमा पुनः सञ्चालन गर्न सेना पूर्ण तयारी अवस्थामा रहेको बताएको छ । जोर्डनले पनि आफ्नो हवाई क्षेत्रमा प्रवेश गरेका आठ इरानी क्षेप्यास्त्र खसालिएको जनाएको छ । सरकारी अधिकारीहरूका अनुसार उक्त घटनाबाट कुनै मानवीय वा भौतिक क्षति भएको छैन ।
इरानको स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्ला दुई दिनमा भएका अमेरिकी आक्रमणमा कम्तीमा १४ जनाको मृत्यु र ७८ जना घाइते भएका छन् । दक्षिणी होर्मोजगान प्रान्तको सिरिक बन्दरगाहमा भएको छुट्टै अमेरिकी आक्रमणमा थप तीन जनाको मृत्यु र १५ जना घाइते भएको स्थानीय अधिकारीहरूले बताएका छन् ।
उता विश्व शेयर बजारले भने तनावबीच पनि सकारात्मक प्रतिक्रिया देखाएको छ । अमेरिकी प्रविधि कम्पनीहरूको शेयरमा सुधार आएपछि नास्डाक सूचकाङ्क १.३ प्रतिशतले बढेको छ भने अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा सामान्य गिरावट आएको छ । रासस

# चुनावअघि विधेयक पारित गर्न नेतान्याहुको दौड



**जेरुसेलम ।**
इजरायलमा आगामी अक्टोबरमा हुने संसदीय निर्वाचनअघि प्रधानमन्त्री बेन्जामिन नेतान्याहु नेतृत्वको सरकारले आफ्ना गठबन्धन साझेदारसँग गरेका राजनीतिक प्रतिबद्धता पूरा गर्न संसद्बाट विवादास्पद विधेयकहरू पारित गराउने प्रयास तीव्र बनाएको छ । संसद् (नेसेट) केही दिनमै ग्रीष्मकालीन सत्र अन्त्यसँगै स्थगित हुने भएकाले सरकारले सीमित समयभित्र प्राथमिकताका कानूनहरू अघि बढाउन खोज्दा विपक्षीले त्यसको कडा विरोध गरेका छन् ।
एक सय २० सदस्यीय नेसेटको कार्यसूचीमा हाल सात वटा महत्त्वपूर्ण विधेयक छन् । ती विधेयकलाई सत्तारूढ गठबन्धनका विभिन्न दलले आफ्नो प्राथमिकताका रूपमा अघि सारेका छन् । नेतान्याहुले यी विधेयक पारित गरेर गठबन्धनलाई थप मजबुत बनाउने र अक्टोबर २७ मा हुने निर्वाचनमा बलियो राजनीतिक आधारसहित जान खोज्नुभएको विश्लेषण गरिएको छ । यद्यपि हालका जनमत सर्वेक्षणहरूले उहाँलाई पुनः सत्तामा फर्कन सहज नहुने सङ्केत गरेका छन् ।
हमासको अक्टोबर ७, २०२३ को आक्रमणपछि सुरु भएको गाजा युद्ध र त्यसअघिका सुरक्षा कमजोरीलाई लिएर नेतान्याहु सरकारमाथि सार्वजनिक असन्तुष्टि बढिरहेको छ । विपक्षी नेता यायर लापिडले सरकार राष्ट्रिय हितभन्दा गठबन्धन जोगाउन केन्द्रित रहेको आरोप लगाएको छ ।
सबैभन्दा विवादित विधेयक धार्मिक अध्ययनमा संलग्न अल्ट्रा–अर्थोडक्स विद्यार्थीलाई अनिवार्य सैनिक सेवाबाट छुट दिने विषयसँग सम्बन्धित छ । गठबन्धनमा रहेका धार्मिक दलहरूले लामो समयदेखि उठाउँदै आएको यो माग पूरा नभए सरकारबाट बाहिरिने चेतावनी दिँदै आएका छन् । प्रारम्भिक चरणमै स्वीकृत उक्त विधेयकले दीर्घकालीन तोराह अध्ययनलाई राष्ट्र र यहुदी समुदायप्रतिको महत्त्वपूर्ण सेवाका रूपमा मान्यता दिने व्यवस्था गरेको छ । यस प्रस्तावको विरोधमा महिनौँदेखि प्रदर्शन भइरहेका छन् । पूर्व सैन्य प्रमुख तथा विपक्षी नेता गदी आइसेनकोटले सरकारले संसद्को अन्तिम समयको दुरुपयोग गर्दै सेना र राष्ट्रिय हितविरुद्धका कानून पारित गर्न खोजेको आरोप लगाउनुभयो । उहाँले आफ्नो नयाँ राजनीतिक दल नै आगामी सरकार गठन गर्न सक्षम हुने दाबी पनि गरेका छन् ।
सैन्य सेवासम्बन्धी विधेयकको समर्थनको बदलामा अल्ट्रा–अर्थोडक्स दलहरूले सञ्चार क्षेत्रको नियामक संरचना पुनःव्यवस्थित गर्ने विधेयकलाई समर्थन गर्ने अपेक्षा गरिएको छ । सरकारले यसलाई प्रतिस्पर्धा बढाउने सुधारका रूपमा व्याख्या गरे पनि विपक्षीले सञ्चारमाध्यममाथि राजनीतिक प्रभाव बढाउने प्रयास भएको आरोप लगाएका छन् ।
सरकारले महान्यायाधिवक्ताको अधिकार सीमित गर्ने अर्को विधेयक पनि अघि बढाएको छ । त्यसअनुसार सरकारका कानूनी सल्लाहकारको राय बाध्यकारी नहुने व्यवस्था प्रस्ताव गरिएको छ । विपक्षीले यसलाई स्वतन्त्र संवैधानिक निकाय कमजोर बनाउने प्रयासका रूपमा व्याख्या गरेका छन् । यसैगरी, धार्मिक दलहरूको मागअनुसार कोषेर प्रमाणीकरण प्रणालीमा अघिल्लो सरकारले ल्याएको प्रतिस्पर्धामुखी सुधार फिर्ता लिने तयारी पनि भइरहेको छ । आलोचकहरूले यसबाट धार्मिक संस्थाको प्रभाव बढ्ने र उपभोक्तामाथि आर्थिक भार पर्ने बताएका छन् ।
थप केही विधेयकमाथि संसदीय समितिहरूमा छलफल जारी रहे पनि सत्तारूढ गठबन्धनभित्रकै मतभेदका कारण सबै प्रस्ताव पारित हुनेमा अनिश्चितता रहेको छ । नेसेट जुलाई १५ मा ग्रीष्मकालीन सत्र समाप्त भएसँगै स्वतः स्थगित हुने भए पनि विधेयक टुङ्ग्याउन सांसदहरूले सत्र १२ दिनसम्म लम्ब्याउन सक्ने व्यवस्था रहेको छ । त्यसले नेतान्याहु सरकारलाई आफ्ना प्राथमिकताका कानून पारित गराउने थप अवसर मिल्नेछ । रासस

# व्यावसायिक कृषि पेसाबाट मनग्ये आम्दानी

**भोजपुर ।**
भोजपुरको षडानन्द नगरपालिका–१ नेपालडाँडा थापाथलीका जीवन थापाले गाउँमा फर्किएर करोडौँ लगानीसहित व्यावसायिक कृषि पेसाबाट मनग्ये आम्दानी गरेका छन् । काठमाडौँमा अधिवक्ताको पेसालाई छाडेर उनले गाउँमा 'पद्मा, कोपिला बहुउद्देश्यीय अर्गानिक कफी उद्योग' दर्ता गरेर कृषि उद्यम सञ्चालन गरेका छन् । करिब सात वर्षअघि सुरु गरिएको उनको कृषि यात्रा अहिले उदाहरणीय बन्दै गएको छ । उनले करिब दुई करोड ५० लाख लगानी गरी ६५ रोपनी क्षेत्रफलमा बहुउद्देश्यीय खेती विस्तार गरेको बताए । योजनाबद्ध रूपमा विविध बालीको संयोजन गर्दै उनले सात हजार बोट कफी, दुई हजार मेकाडेमिया नट, २५० बोट एभोकार्डो, ३०० बोट कागती, ५० बोट जापानिज उन्सु सुन्तला तथा १०० बोट टिमुर रोप्नुभएको छ । यी बालीहरूबाट दीर्घकालीन आम्दानी लिन सकिने विश्वासका साथ उनले खेती विस्तार गरेको बताए । 'गाउँमै धेरै सम्भावना रहेछ । त्यसलाई पहिचान गरेर लगानी गर्नुपर्छ भन्ने लाग्यो', उनले भने, 'सुरुआतमा चुनौती धेरै भए पनि विस्तारै अनुभवसँगै काम अघि बढाउन सहज हुँदै गएको छ ।'
कृषि उत्पादनलाई व्यवस्थित र गुणस्तरीय बनाउन उनले आफ्नै लगानीमा करिब १५ लाख खर्चेर चिस्यान केन्द्र निर्माण गरेका छन् । यसले उत्पादन भण्डारण र गुणस्तर जोगाउन महत्वपूर्ण भूमिका खेलेको उनले बताए । उत्पादनलाई बजारसम्म पु¥याउन सहज होस् भनेर ढुवानीका लागि सवारी साधनको व्यवस्था पनि गरे । उनको फार्ममा हाल तीन जना कर्मचारीले नियमित रोजगारी पाइरहेका छन्, यसले ग्रामीण क्षेत्रमा रोजगारी सिर्जनामासमेत योगदान पुगेको देखिन्छ ।
उनले उत्पादन गरेको कफी अहिले अन्तर्राष्ट्रिय बजारसम्म पुग्न थालेको छ । यस वर्ष मात्रै उनले करिब एक हजार केजी कफी जापान निर्यात गरेका छन्, जसको मूल्य प्रतिकेजी १२ डलर रहेको छ । 'विदेशी बजारबाट राम्रो प्रतिक्रिया पाइरहेका छौँ', उनले भने, 'तर उत्पादनले बजारको माग धान्न अझै कठिन भइरहेको छ ।' स्थानीय बजारमा भने उनले प्रशोधित कफी प्रतिकेजी करिब रु तीन हजारमा बिक्री गर्दै आएका छन् । कफीको माग निरन्तर बढिरहेको भए पनि उत्पादन विस्तार गर्न थप लगानी, प्राविधिक सहयोग र दक्ष जनशक्ति आवश्यक रहेको उनले अनुभव सुनाए । कृषि क्षेत्रमा सरकारी निकायबाट प्राविधिक सहयोग र बजार व्यवस्थापनमा थप सहजीकरण आवश्यक रहेको उनको भनाइ छ ।
हाल उनको फार्मबाट वार्षिक पाँचदेखि सात लाख रुपैयाँसम्म आम्दानी भइरहेको छ । आगामी केही वर्षभित्र सबै बोटहरूले पूर्ण रूपमा उत्पादन दिन थालेपछि वार्षिक २० देखि २५ लाखसम्म आम्दानी गर्ने लक्ष्य राखेको उनले बताए ।
'अहिले लगानीको चरणमा छु', उनले भने, 'केही वर्षपछि राम्रो प्रतिफल आउने अपेक्षा राखेको छु ।' काठमाडौँमा आफ्नै घर हुँदाहुँदै गाउँ फर्किएर कृषिमा लाग्ने निर्णयबारे उहाँले आत्मनिर्भरता र गाउँमै अवसर सिर्जना गर्ने उद्देश्य रहेको बताए । 'युवाहरू विदेश जाने क्रम बढ्दो छ', उनले भने, 'तर गाउँमै पनि राम्रो सम्भावना छ भन्ने देखाउन चाहेको हुँ ।'
उनको पहलले स्थानीयस्तरमै रोजगारी सृजना गर्नुका साथै आधुनिक कृषि प्रविधि प्रयोगमार्फत उत्पादन वृद्धि गर्न प्रेरणा दिएको स्थानीयवासीले बताएका छन् । कृषिमा व्यावसायिक सोच र दीर्घकालीन योजना आवश्यक हुने सन्देश उनको अभ्यासले दिएको छ । जीवन थापाको यो यात्रा केवल व्यक्तिगत सफलताको कथा मात्र नभई गाउँ फर्केर केही गर्न चाहने युवाका लागि प्रेरणाको स्रोत बनेको छ । गाउँमै सम्भावना खोज्ने र त्यसलाई व्यवहारमा उतार्ने हो भने कृषिबाट पनि सम्मानजनक आम्दानी लिन सकिन्छ भन्ने उदाहरण उनले प्रस्तुत गरे ।
उनले अन्य किसानले उत्पादन गरेको कफी खरिदसमेत गर्दै आएका छन् । किसानलाई कफीखेतीतर्फ आकर्षित गर्न आफूले जानेको ज्ञान र सीप बाँड्दै आएको उनले बताए । किसानहरूले उत्पादन गरेको कफीलाई एकीकृत रूपमा संकलन, भण्डारण र बिक्री गर्ने वातावरण बनेमा अझ सहज हुने उनको भनाइ छ । उमेरले ७१ वर्ष पुगेका थापा कृषिमा लगानी, लगनशीलता र दूरदृष्टिको उदाहरणीय व्यक्तित्वका रूपमा स्थापित भएका छन् । रासस

# इतिहासलाई पर्यटनसँग जोड्दै लमजुङको हरसिङडाँडा



**जनक श्रेष्ठ–रासस**
**लमजुङ ।**
लमजुङको मर्स्याङ्दी गाउँपालिका–३ स्थित हरसिङडाँडा पछिल्ला केही वर्षदेखि आन्तरिक पर्यटकको रोजाइमा पर्दै गएको छ । राष्ट्रिय विभूति भक्ति थापाको बाल्यकालसँग जोडिएको यो ऐतिहासिक डाँडा प्राकृतिक सौन्दर्य, हिमाली दृश्य, शान्त वातावरण र ऐतिहासिक महत्वका कारण पर्यटकको आकर्षण बन्दै आएको छ । हालैमात्र राष्ट्रिय प्रसारण लाइनको विद्युत् पुगेपछि हरसिङडाँडाको परिचयमा नयाँ आयाम थपिएको छ ।

नेपाल विद्युत् प्राधिकरण, लमजुङ वितरण केन्द्रले केही दिनअघि हरसिङडाँडामा राष्ट्रिय प्रसारण लाइनको विद्युत् विस्तार गरेसँगै साँझपख डाँडा झिलीमिली बन्न थालेको छ । लामो समयसम्म सोलारको भरमा दैनिक काम चलाउँदै आएका स्थानीयले अहिले नियमित विद्युत् पाएका छन् । यसले स्थानीयको दैनिकीमात्र सहज बनाएको छैन, पर्यटन व्यवसायमा नयाँ ऊर्जा दिएको छ ।

प्राधिकरण लमजुङका प्रमुख सोवितबहादुर क्षेत्रीका अनुसार पर्यटकीय सम्भावना भएका स्थानलाई प्राथमिकतामा राखेर विद्युत् विस्तार गर्ने योजनाअनुसार हरसिङडाँडामा राष्ट्रिय प्रसारण लाइन पुर्याइएको हो । उनका अनुसार यसअघि बजेट अभावका कारण काम अघि बढ्न सकेको थिएन । अहिले करिब रु १० लाख लागतमा १८ वटा पोल गाडेर विद्युत् विस्तार गरिएको हो । आगामी दिनमा बजेटको उपलब्धताअनुसार जिल्लाका अन्य पर्यटकीय क्षेत्रमा पनि विद्युत् सेवा विस्तार गरिने उनले बताए ।

हरसिङडाँडामा पर्यटन व्यवसाय सञ्चालन गर्दै आउनुभएका पूर्णबहादुर गुरुङका अनुसार विद्युत् पुगेपछि स्थानीय र पर्यटक दुवैलाई सहज भएको छ । 'पहिले सोलारको भरमा काम चलाउनुपथ्र्यो । अहिले बिजुली आएपछि पर्यटकलाई सेवा दिन सहज भएको छ । मोबाइल चार्ज गर्न, खाना पकाउने, रातिको उज्यालो र अन्य सेवा प्रभावकारी भएका छन् । डाँडा झिलीमिली बनेपछि यहाँको आकर्षण पनि बढेको छ,' उनले भने ।

सो स्थानमा केही वर्षअघि पूर्णबहादुर गुरुङ, सुमन गुरुङ, सुरज गुरुङ र इन्द्रबहादुर गुरुङ गरी चार जना युवाले संयुक्त रूपमा करिब रु ११ लाख लगानी गरी ३५ जनासम्म अट्ने हल निर्माण गर्दै खाना र बासको व्यवस्था गरेका थिए । स्थानीय युवाको यही पहलपछि आन्तरिक पर्यटकको चहलपहल बढ्न थालेको हो । अहिले विभिन्न मौसममा सयौँ पर्यटक यहाँ पुग्ने गरेका छन् ।

विद्युत् पुगेपछि पर्यटन व्यवसाय थप व्यवस्थित हुने अपेक्षा गरिएको छ । स्थानीय कृषि तथा पशुपालनबाट उत्पादित वस्तुको बिक्री बढ्ने, युवाले गाउँमै रोजगारी पाउने र गाउँको आर्थिक गतिविधि विस्तार हुने विश्वास स्थानीयवासीको छ । पहिलेजस्तो साँझ पर्नासाथ सुनसान हुने हरसिङडाँडा अहिले उज्यालोले मनमोहक भएको छ ।

हरसिङडाँडामा पुग्ने पर्यटकहरू यहाँको प्राकृतिक सौन्दर्यबाट लोभिने गरेका छन् । उनीहरूका अनुसार मनास्लु हिमशृङ्खला, बुद्ध हिमाल, डा हर्क पिक, मर्स्याङ्दी नदीको नागबेली, घलेगाउँ, कल्मेडाँडा, बेँसीसहर बजार तथा तनहुँको बन्दीपुरसम्मको दृश्यले मनै लोभ्याउँछ । सूर्योदय र सूर्यास्तको मनोरम दृश्यले यहाँ पुगेका जोकोहीलाई फेरि फर्केर आउन मन लाग्ने बनाउँछ ।

पर्यटकहरूका अनुसार हरसिङडाँडा घुमफिरका लागिमात्र होइन, साथीभाइ र परिवारसँग एकदुई रात बसेर रमाउन मिल्ने उत्कृष्ट गन्तव्य बनेको छ । यहाँको शान्त वातावरण, स्थानीय आतिथ्यता, प्राकृतिक सौन्दर्य र भक्ति थापासँग जोडिएको इतिहासले थप मनोरम बनाएको छ ।

नयाँ पुस्ताले नेपालको वीर इतिहास बुझ्न पनि हरसिङडाँडा एकपटक पुग्नैपर्ने स्थल भएको उनीहरू बताउँछन् । हरसिङडाँडाको अर्को महत्त्वपूर्ण पक्ष यसको ऐतिहासिक महत्व हो । विसं १८०२ मा मर्स्याङ्दी गाउँपालिका–३ खुदीको ढुङ्गेबैँसीमा जन्मनुभएका राष्ट्रिय विभूति भक्ति थापाले बाल्यकालका धेरै समय यही डाँडामा गाईवस्तु चराउँदै बिताउनुभएको इतिहासमा उल्लेख छ । सोही स्थानमा उनले छेलो हान्ने, साथीहरूसँग खेल्ने र गाउँको परिवेशमा हुर्किने अवसर पाएको स्थानीयको विश्वास छ ।

भक्ति थापाको वीरताको सम्मानस्वरूप लमजुङका विभिन्न स्थानमा उनका सालिक तथा स्मृति पार्क निर्माण गरिएका छन् । तर उनको बाल्यकाल बितेको हरसिङडाँडाले भने अहिलेमात्र विकासको लय समात्न थालेको छ । सडक, विद्युत् र पर्यटन पूर्वाधार विस्तारसँगै यो स्थलको महत्व झन् बढ्दै गएको स्थानीय बताउँछन् ।

मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङका अनुसार हरसिङडाँडा गाउँपालिकाको प्रमुख ऐतिहासिक तथा पर्यटकीय गन्तव्य हो । राष्ट्रिय विभूति भक्ति थापाको इतिहाससँग जोडिएको यस क्षेत्रलाई व्यवस्थित रूपमा विकास गर्ने योजना गाउँपालिकाले अघि बढाएको उनले बताए ।

उनका अनुसार हरसिङडाँडासम्म पुग्ने सडकलाई थप स्तरोन्नति गर्ने, पर्यटकलाई सहज हुने पूर्वाधार निर्माण गर्ने, आवश्यक बजेट व्यवस्थापन गर्ने तथा देशव्यापी रूपमा प्रचारप्रसारलाई प्रभावकारी बनाउने तयारी भइरहेको छ ।

विद्युत् पुगेपछि पर्यटन विकासले थप गति लिने विश्वास व्यक्त गर्दै उनले स्थानीय सरकार यस क्षेत्रलाई गण्डकी प्रदेशकै आकर्षक ऐतिहासिक तथा पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न प्रतिबद्ध रहेको बताए ।

अध्यक्ष गुरुङले विद्युत् सेवा विस्तारले पर्यटनसँगै स्थानीय अर्थतन्त्रमा पनि सकारात्मक प्रभाव पर्ने बताए । पर्यटकको संख्या बढ्दै जाँदा स्थानीय उत्पादनले बजार पाउने, होटल तथा होमस्टे व्यवसाय विस्तार हुने, युवाले गाउँमै रोजगारी सृजना गर्ने र समग्र गाउँको आर्थिक गतिविधि चलायमान बन्ने उनको विश्वास छ ।

स्थानीयका अनुसार केही वर्षअघिसम्म सुनसान देखिने हरसिङडाँडा अहिले विस्तारै चहलपहलले भरिन थालेको छ । सडक पुगेको छ, विद्युत् पुगेको छ, बास र खानाको व्यवस्था भएको छ । थपिँदो पूर्वाधारले एक दिन घुमेर फर्किनेमात्र होइन, एकदुई रात बसेर प्राकृतिक सौन्दर्य, हिमालको दृश्य र स्थानीय संस्कृतिको अनुभव लिन आउने पर्यटकको संख्या पनि बढ्दै गएको छ ।

इतिहास, प्रकृति, संस्कृति र आधुनिक पूर्वाधारको सुन्दर सङ्गम बनेको हरसिङडाँडा अब केवल भक्ति थापाको बाल्यकालसँग जोडिएको ऐतिहासिकस्थलमात्र होइन, उज्यालोसँगै नयाँ सम्भावनाको ढोका खोल्दै अघि बढिरहेको पर्यटकीय गन्तव्य पनि बनेको छ । प्राकृतिक सौन्दर्य, ऐतिहासिक गौरव र स्थानीय आतिथ्यतालाई एकैसाथ अनुभव गर्न चाहनेका लागि हरसिङडाँडा आज लमजुङको मात्र होइन, गण्डकी प्रदेशकै उदाउँदो गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ । विकासका योजनाले निरन्तरता पाए र आवश्यक पूर्वाधार थपिँदै गए, राष्ट्रिय विभूति भक्ति थापाको सम्झना बोकेको यो डाँडा निकट भविष्यमै नेपालको प्रमुख ऐतिहासिक तथा पर्यटकीय गन्तव्यको सूचीमा दरिन सक्ने प्रबल सम्भावना देखिन्छ ।

# शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पर्यटकको आकर्षण बढ्दो



**कञ्चनपुर ।**
सुदूरपश्चिमको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा रहेको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पर्यटकको आकर्षण निरन्तर बढ्दै गएको छ ।

चालु आर्थिक वर्षको असारसम्म चार हजार १९१ पर्यटकले निकुञ्ज भ्रमण गरेका छन् । यो संख्या गत आवको कूल तीन हजार ७२२ पर्यटकको तुलनामा ४६९ जनाले बढी हो । चालु आवमा मात्रै करिब १२.६ प्रतिशतले पर्यटक आगमन वृद्धि भएको छ ।

निकुञ्जका सूचना अधिकारी पुरुषोत्तम बाग्लेका अनुसार चालु आवको असोजदेखि असारसम्म निकुञ्ज भ्रमण गर्नेमा एक हजार ६ सय ५७ महिला र दुई हजार ५ सय ३४ पुरुष छन् ।

निकुञ्जमा आन्तरिक पर्यटकको वर्चस्व कायमै छ । कुल पर्यटकमध्ये निकुञ्ज भ्रमण गर्ने तीन हजार ६ सय ९९ नेपाली पर्यटक छन् । जसमा एक हजार ५ सय १३ महिला र दुई हजार १ सय ८६ पुरुष छन् । कुल पर्यटकमध्ये करिब ८८ प्रतिशत हिस्सा नेपाली पर्यटकको रहेको तथ्याङ्कले शुक्लाफाँटा आन्तरिक पर्यटनको प्रमुख गन्तव्य बन्दै गएको पुष्टि गर्दछ ।

त्यसैगरी, सार्क राष्ट्रबाट ३ सय ५८ पर्यटक निकुञ्ज पुगेका छन् । यसमध्ये ८७ महिला र २७१ पुरुष छन् । तेस्रो मुलुकबाट भने १ सय ५६ पर्यटकले निकुञ्जको भ्रमण गरेका छन् । जसमा ५७ महिला र ९९ पुरुष छन् । विदेशी पर्यटकको संख्या अझै अपेक्षाकृत कम भए पनि पछिल्ला वर्षमा विस्तारै वृद्धि हुँदै गएको छ । गत आवभन्दा चालु आवमा विदेशी पर्यटको संख्या २२ ले बढेको छ ।

महिनागत तथ्याङ्क हेर्दा चैतमा सबैभन्दा बढी ६ सय २१ पर्यटकले निकुञ्ज भ्रमण गरेका छन् । त्यसपछि कात्तिकमा ५ सय ८०, जेठमा ५ सय ७९, वैशाखमा ५ सय ५४ र असारमा ४ सय २४ जना पुगेका छन् । मौसम अनुकूल हुने तथा वन्यजन्तु अवलोकन सहज हुने भएकाले चैत, वैशाख र जेठमा पर्यटकको चाप बढी हुने गरेको छ ।

सबैभन्दा कम पर्यटक असोजमा मात्र नौ जना पुगेका थिए । त्यसपछि मङ्सिरमा २ सय ९३, माघमा ३ सय ६९, पुसमा ३ सय ७६ र फागुनमा ३ सय ८६ जनाले निकुञ्ज भ्रमण गरेका छन् । वर्षायाम तथा पर्यटकीय सिजन सुरु नहुँदा असोजमा पर्यटकको संख्या न्यून हुने गरेको देखिन्छ ।

गत आव २०८१–८२ मा निकुञ्जमा तीन हजार ७ सय २२ पर्यटक आएका थिए । तीमध्ये तीन हजार ३ सय ७१ नेपाली, १ सय ९९ सार्क राष्ट्रका तथा १ सय ५२ जना तेस्रो मुलुकका पर्यटक थिए । चालु आवमा नेपाली तथा सार्क मुलुकका पर्यटकको संख्या उल्लेख्य रूपमा बढे पनि तेस्रो मुलुकका पर्यटकको आगमन अपेक्षाकृत स्थिर देखिएको छ ।

करिब ३ सय ५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज विश्वमै दुर्लभ मानिने बाह्रसिङ्गाको सबैभन्दा ठूलो बासस्थानका रूपमा परिचित छ ।

यहाँ बाह्रसिङ्गासँगै पाटेबाघ, जङ्गली हात्ती, एकसिङ्गे गैँडा, चितुवा, नीलगाई, जरायो, रतुवा, जङ्गली बँदेल, भालु, स्याल, बँदेललगायतका वन्यजन्तु पाइन्छन् । निकुञ्ज पन्छीप्रेमीका लागि पनि आकर्षक गन्तव्य हो । यहाँ ४ सय ५० भन्दा बढी प्रजातिका चराचुरुङ्गी अभिलेख गरिएका छन् ।

निकुञ्जभित्रका विशाल शुक्लाफाँटा घाँसेमैदान, रानीताल, सिकारी ताल, सलगौडी ताल, बाबा ताल, सालघारी, चौधर नदी क्षेत्र, वन्यजन्तु अवलोकन टावर तथा प्राकृतिक पदमार्ग पर्यटकका मुख्य आकर्षण हुन् । बिहान र साँझको समयमा हात्ती सफारी, जिप सफारी तथा बर्ड वाचिङमार्फत पर्यटकले वन्यजन्तु नजिकबाट अवलोकन गर्ने अवसर पाउँछन् ।

प्राकृतिक सम्पदा, जैविक विविधता र वन्यजन्तु अवलोकनको अनुपम गन्तव्यका रूपमा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज स्थापित हुँदै गएको छ । निकुञ्ज प्रशासनले पूर्वाधार विस्तार, प्रचारप्रसार तथा पर्यटकमैत्री सेवामा थप सुधार गर्न सके आगामी वर्षहरूमा विदेशी पर्यटकको आगमन अझै उल्लेख्य रूपमा बढ्ने अपेक्षा गरिएको छ । रासस

# पदयात्राको गन्तव्य बन्दै भैरवडाँडास्थित धार्मिक वन

**बागमती।**
मकवानपुर जिल्लाको हेटौँडा उपमहानगरपालिका–१ स्थित भैरवडाँडाको पहिचान नै बदलिएको छ। डाँडामा २०६४ साल वैशाख १ गतेदेखि औपचारिक रुपमा स्थापना गरिएको पाथीभराको मन्दिरसँगै थपिएका विभिन्न पूर्वाधारका कारण करिब दुई दशककै अवधिमा यस दिव्य धार्मिक धामका रुपमा स्थापित बनेको हो।

धार्मिक आस्था र विश्वासका कारण मन्दिरमा दर्शनका लागि टाढाटाढाबाट दर्शनार्थी आउने गरेको मन्दिरका संस्थापक देवीदास गुरुले जानकारी दिए । मन्दिर स्थापना गरिएयता भक्तजनसँगै विभिन्न सङ्घसंस्था एवं निकायबाट स्वतस्फुर्त रुपमा गर्ने गरिएको सहयोगका कारण यहाँका पूर्वाधार निर्माण गर्न सम्भव भएको उनले बताए । ताप्लेजुङस्थित पाथीभरा मन्दिरबाट ल्याइएको शिला, त्रिशूल र कलशलाई स्थापना गरी मन्दिर निर्माण गरिएको बताउँदै उनले यस तीर्थस्थलले मनोवाञ्छित फल प्राप्त हुने विश्वाससँगै दर्शनार्थीलाई आकर्षित गरिरहेको जानकारी दिए।

उनका अनुसार मन्दिरमा नियमित पूजाआजाका साथै २०६५ असोज १३ गतेबाट अखण्ड हवन भइरहेको छ । ताप्लेजुङको पाथीभरा मन्दिर जान नसक्नेका लागि पनि महत्वपूर्ण विकल्पजस्तै बनेको यस मन्दिरमा विशेष गरी नवरात्रको समयमा अष्टमी विशेष पूजा, नवरात्रका पूजाहरू, गुप्त रुपमा चण्डी साधना, देवी भागवत आदि पाठपारायण हुने गरेको छ।

मन्दिरको पूर्वाधार विकासका लागि प्रदेश तथा स्थानीय तहबाट निरन्तर साथ सहयोग भइरहेको पाथीभरा मन्दिर संरक्षण समितिका अध्यक्ष केशव देवकोटाले बताए। 'प्रदेशसँगै स्थानीयतहबाट यहाँका विभिन्न पूर्वाधार निर्माणमा महत्वपूर्ण सहयोग प्राप्त भएको छ,' उनले भने, 'सुरुमा कबुलियती बनका रुपमा रहेको यो क्षेत्र अहिले भने दिव्य धार्मिक धामका रुपमा स्थापित भैसकेको छ।'

उनका अनुसार २०५४ सालदेखि यहाँको छ हेक्टर क्षेत्रफलको वन भैरवडाँडा कबुलियती बनका रुपमा संरक्षण सुरु गरिएको थियो । यहाँ मन्दिर स्थापनाका लागि देवीदास गुरुले गरेको अनुरोधसँगै उक्त अनुरोधलाई समितिबाट स्वीकार गरी मन्दिर निर्माण भएको उनले जानकारी दिए। मन्दिर स्थापना भएयता भएको पूर्वाधार विकास आदिले यहाँको स्वरुपमा नै आमूल परिवर्तन भएको उनले जानकारी दिए। अघिल्लो वर्ष मात्रै यस कबुलियती बनको साढे चार हेक्टर क्षेत्रफल धार्मिक वनका रुपमा स्वीकृत भएको बताउँदै उनले यसबाट धार्मिक पूर्वाधार निर्माणमा थप बाटो खुलेको बताए । धार्मिक वन बनाउनका लागि डिभिजन वन अधिकृत विष्णु आचार्यको महत्वपूर्ण सहयोग रहेको उनले जानकारी दिए।

यस धार्मिक वन क्षेत्र विभिन्न प्रजातिका चराचुरुङ्गीका साथै वन्यजन्तु अवलोकनका लागि राम्रै गन्तव्य बन्न सक्ने देखिएको छ । मन्दिर परिसरका क्षेत्रमा मयु◌ुर लगायतका चराचुरुङ्गीका साथै चित्तल, मृग, बँदेल आदि वन्यजन्तु रहेको उनले बताए।

खानेपानीको सुविधा

पछिल्ला समयमा पाथीभरा मन्दिरकै कारण यहाँको बाटोघाटोसँगै खानेपानीलगायतमा महत्वपूर्ण सहयोग पु◌ुगेको छ । भैरवडाँडामा आउने बाटोको सामान्य मार्ग २०५२ सालमा खोलिए पनि पछिल्ला वर्षमा यसलाई कालोपत्रे गरी आवतजावतका लागि सहज बनाइएको छ।

हेटौँडा–नारायणगढ सडकको बुद्धचोकबाट २.७ किलोमिटर दूरीमा रहेको यस मन्दिरसम्म नै बाटो कालोपत्रे भइसकेको अध्यक्ष देवकोटाले बताए । यहाँको बाटो निर्माणका लागि हेटौँडा उपमहानगरपालिकाबाट निरन्तर साथ र सहयोगप्राप्त भइरहेको उनले बताए।

विगतमा पानीको चरम अभाव भोगरहेको भैरवडाँडामा पाथीभरा देवीको मन्दिरकै कारण अहिले पानीको समस्या धेरै सहज भएको छ । मन्दिरमा पानी पु¥याउने योजनासँगै यस क्षेत्रका ७२ घरधुरीमा पनि खानेपानी सहज भएको हो । खानेपानीलाई नियमित एवं व्यवस्थित गराउनका लागि खानेपानी बोर्डमार्फत नै सञ्चालन गर्ने गरी व्यवस्थापनको जिम्मा लिनका लागि सम्बन्धित निकायमा आग्रह गरिएको उनले बताए।

**पदयात्राको गन्तव्य**

मन्दिरका कारण हेटौँडा बजार क्षेत्रबाट हाइकिङ गर्दै पुग्ने गन्तव्यका रुपमा पनि यो क्षेत्र विकास भएको छ । कालोपत्रे बाटो हुँदै २.७ किलोमिटर दूरी पार गर्नुपर्ने भएपनि पदयात्राका लागि ठाउँठाउँमा सिँढी बाटो र परम्परागत रुपमा हिँड्दै आइएको बाटो प्रयोग गर्न सकिन्छ । मन्दिर दर्शन गर्न आउने दर्शनार्थीका हेटौँडा बसपार्क एवं बुद्धचोकबाट अटोहरू सञ्चालन भइरहेको छ। हेटौँडा बसपार्कलगायत विभिन्न स्थानबाट पनि यहाँ आउने अटोहरू पाइने विगत लामो समयदेखि अटो सञ्चालन गर्दै आएका रमेश श्रेष्ठले बताए । 'सामान्यत अटो रिजर्भ गरेर ८ सय रुपैयाँदेखि एक हजार रुपैयाँसम्ममा दर्शनार्थी पाथीभरा मन्दिर पुगी दर्शन गरेर फर्कन सक्छन्,' उनले भने, 'यसले अटो व्यवसायीको रोजगारीलाई पनि ठूलो टेवा पुर्‍याएको छ।' मन्दिरका कारण फूल प्रसाद बिक्री गर्नेहरूको व्यवसायमा पनि सहयोग पुगेको उनले बताए।

# हात्ती पीडित बोटे परिवारलाई सहयोग



**चितवन ।**
जङ्गली हात्ती धुरवेको आक्रमणमा परी ज्यान गुमाएका भरतपुर महानगरपालिका–२३ का पीडित परिवारलाई विभिन्न सङ्घ संस्थाले राहत दिएका छन् । सरकारी र निजी क्षेत्रबाट सहयोग प्राप्त भएको हो ।

ध्रुवेले गत शनिबार राति भरतपुर–२३ मा आमाछोराको ज्यान लिएको थियो । शनिबार राति घरमै बसिरहेका बेला अचानक जङ्गलबाट आएको ध्रुवेले २१ वर्षीया आशिका बोटे र उनका चार वर्षीय छोरा भरत बोटेको ज्यान लिएको थियो । हात्ती धपाउन आशिकाका श्रीमान् पुनु बोटेले आगो बाल्न खोज्दा घर नै जलेर नष्ट समेत भएको थियो ।

चितवन राष्ट्रिय निकुञ्जले राहत रकम हस्तान्तरण गरेको छ । निकुञ्जले प्रतिव्यक्ति १० लाख रुपैयाँका दरले २० लाख रुपैयाँ र किरिया खर्चबापत एक लाख रुपैयाँ हस्तान्तरण गरेको छ । निकुञ्जका प्रमुख संरक्षण अधिकृत दिलबहादुर पुर्जा पुन र प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले संयुक्त रुपमा तत्काल राहत कोषबाट किरिया खर्चबापत एक लाख रुपैयाँ र वन्यजन्तुबाट भएको क्षतिको राहत निर्देशिका २०८० अनुसार २० लाख रुपैयाँ मृतकका श्रीमान् पुनु बोटेलाई हस्तान्तरण गरेका हुन् । निकुञ्जका सूचना अधिकारी अविनास थापा मगरका अनुसार पीडित परिवारलाई घर बनाउनका लागि आवश्यक काठ र ढुङ्गा, गिट्टी उपलब्ध गराइने छ ।

यस्तै, पीडित परिवारलाई भरतपुर महानगरपालिकाले रु चार लाख, खाद्यान्न र कपडा सहयोग गरेको छ । महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीसहितको टोलीले सहयोग हस्तान्तरण गरेको हो । नेपाल बोटे समाजबाट ६० हजार रुपैयाँ, नेपाली कांग्रेस चितवनद्वारा ३० हजार रुपैयाँ, जिल्ला प्रशासन कार्यालयबाट १५ हजार रुपैयाँ, केरुङ्गा मध्यवर्ती सामुदायिक वनबाट ५० हजार रुपैयाँ, जिल्ला समन्वय समिति चितवनबाट २३ हजार रुपैयाँ सहयोग गरिएको भरतपुर महानगरपालिका–२३ का वडाध्यक्ष दीपक दवाडीले जानकारी दिए । उनका अनुसार पूर्वमन्त्री विक्रम पाण्डेबाट खाद्यान्न र लत्ताकपडा, नेपाल रेडक्रस सोसाईटी उपशाखा जगतपुरबाट त्रिपाल, कम्मल र भाँडा, बेलहट्टा हरियाली युवा क्लबले अस्थायी आश्रयस्थल प्रदान गरेको छ ।

अन्य विभिन्न व्यक्ति र सङ्घ संस्थाले पनि सानो सानो सहयोग गरिरहेको वडाध्यक्ष दवाडीले जानकारी दिए । रासस



**जलमग्न सडकमा मोटरसाइकल यात्राः** वर्षापछि शुक्रबार दिउँसो जलमग्न बनेको बाराको सिमरास्थित–६ लेनको मुख्य सडकबाट मोटरसाइकलमा गन्तव्यतर्फ जाँदै चालक र यात्रु । नालाको निकास सहज नहुँदा वर्षाको समयमा पथलैया–वीरगंज सडकखण्डको मुख्य ६ लेन सडकबाटै पानी बग्ने गरेको छ। तस्वीरः दिवाकर भण्डारी

# जलमग्न जलेश्वर

**महोत्तरी।**
लामो समयपछि शुक्रबार भएको भारी वर्षाबाट महोत्तरी सदरमुकाम जलेश्वर जलमग्न बनेको छ।

करिब डेढ घण्टासम्म लगातार परेको मुसलधारे पानीले सदरमुकाम जलेश्वरसहित वरपरको क्षेत्र जलमग्न बनेको हो। वर्षाका कारण जलेश्वरका सडकमा एकदेखि तीन फिटसम्म पानी जम्दा सडक यातायात आवागमनसमेत प्रभावित बनेको छ। जलेश्वरको सहरी क्षेत्रमा ढल निकासको उचित व्यवस्था नहँ ुदा बर्षाको पानीले नपाएपछि पानीसँगै फोहरमैलासमेत सडकभरि छरिएको छ । यसैबीच वर्षाकै कारण जलेश्वरको मुटु मानिएको महेन्द्रचौकस्थित हनुमान मन्दिर



डुबानमा परेको छ।

जलेश्वर नगरपालिका–२ मै रहेको राजदेवी मन्दिर डुबानबाट प्रभावित भएको छ। त्यस मन्दिरमा पानी गर्भगृहभित्र पस्ने अवस्थामा छ।

# गहवामाई रथयात्रा भव्य र व्यवस्थित बनाउने तयारी



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको ऐतिहासिक तथा धार्मिक आस्थाको केन्द्र श्री गहवामाई मन्दिरको आगामी असार ३२ गते हुने 'विशाल रथ यात्रा'लाई भव्य, सुरक्षित र व्यवस्थित बनाउन स्थानीय प्रशासन, सुरक्षा निकाय तथा सरोकारवाला संस्थाहरूले तयारीलाई तीव्र बनाएका छन्। रथ यात्राको समग्र व्यवस्थापनलाई प्रभावकारी बनाउन वीरगंज महानगरपालिकाको सभाहलमा कार्यवाहक नगर प्रमुख इम्तियाज आलमको अध्यक्षतामा समन्वय बैठक भएको छ।

बैठकले रथ यात्राको रुट, सम्भावित श्रद्धालुको संख्या तथा धार्मिक संवेदनशीलतालाई मध्यनजर गर्दै व्यवस्थापनका लागि ६ वटा प्रमुख क्षेत्र निर्धारण गरी सम्बन्धित निकायलाई जिम्मेवारी बाँडफाँड गरेको छ । निर्णयअनुसार रथ यात्राको सुरक्षा तथा शान्ति व्यवस्था जिल्ला प्रशासन कार्यालयको समन्वयमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना र नगर प्रहरीको संयुक्त परिचालनबाट गरिनेछ। बैठकमा जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, नगर प्रहरी, आयोजक समिति तथा विभिन्न सरकारी एवं गैरसरकारी निकायका प्रतिनिधिहरू सहभागी थियो।

लाखौँ श्रद्धालुको सहभागिता हुने अनुमान गरिएकाले भीड नियन्त्रण, ट्राफिक व्यवस्थापन र सुरक्षा निगरानीलाई विशेष प्राथमिकता दिइनेछ। यात्रा मार्गको सरसफाइ र फोहोर व्यवस्थापनको जिम्मा वीरगंज महानगरपालिकाले लिएको छ। यस कार्यमा आयोजक समिति, निजी क्षेत्र तथा विभिन्न सामाजिक संघ–संस्थाले समेत सहकार्य गर्ने भएकाछन्। बैठकलाई सम्बोधन गर्दै कार्यवाहक नगर प्रमुख इम्तियाज आलमले गहवामाईको रथ यात्रा वीरगंज मात्र नभई समग्र मधेश प्रदेशकै सांस्कृतिक तथा धार्मिक पहिचानसँग जोडिएको पर्व भएकाले यसको सफल आयोजनाका लागि महानगरपालिकाले आवश्यक सबै सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले सम्बन्धित सबै निकायलाई आफ्नो जिम्मेवारी समयमै र प्रभावकारी रूपमा पूरा गर्न निर्देशनसमेत दिए।

# महिलालाई बाँधेर कुट्ने पक्राउ

**मधेशदृष्टि**
**सप्तरी।**
सखुवाको खम्बामा बाँधेर महिलालाई कुटपिट तथा अमानवीय व्यवहार गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा तिलाठी कोइलाडी गाउँपालिका–६ मंसापुर का ३८ वर्षीय दिलीप मण्डल छन्।

जेठ २२ तिलाठी कोइलाडी गाउँपालिका–६ की २३ वर्षीया पार्वतीकुमारी मण्डललाई सामूहिक रूपमा सखुवाको खम्बामा बाँधेर अर्धनग्न बनाइ कुटपिट तथा अमानवीय व्यवहार गरेका थिए । पीडित पार्वतीले दिलीप मण्डलसहित चारजनाविरूद्व जिल्ला प्रहरी कार्यालय सप्तरीमा किटानी जाहेरी दिइएकी थिइन्।

जग्गा जमिन बाँडफाँटको विषयमा विवाद भएपछि ७५ वर्षीय ससुरा रामचन्द्र मण्डललाई जेठाजू प्रकाश मण्डलले मानसिक बिरामी रहेको भन्दै सुधार केन्द्रमा बन्धक शैलीमा लगेको घटनाको प्रतिकार गर्न खोज्दा आफूलाई अमानवीय व्यवहार गर्दै कुटपिट गरिएको पीडित पार्वती कुमारीले बताइन्।

जिल्ला प्रहरी सप्तरीका सूचना अधिकारी तथा प्रवक्ता प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेका अनुसार दिलीपकुमार मण्डललाई पक्राउ गरी सप्तरी जिल्ला अदालतबाट पाँच दिनको म्याद थप लिइ अनुसन्धान भइरहेको छ।

# मिथिला थाली र सृष्टि वैष्णवलाई २५ हजार जरिवाना



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाममा खाद्य स्वच्छता र गुणस्तरसम्बन्धी गम्भीर लापरबाही गरेको आरोपमा दुई होटललाई कारबाही गरिएको छ। खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय जनकपुरले गरेको संयुक्त बजार अनुगमनका क्रममा गम्भीर कैफियत फेला परेपछि दुवै होटललाई २५–२५ हजार रुपैयाँका दरले कुल ५० हजार रुपैयाँ जरिवाना गरिएको हो।

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्री फकिरा महतोको उपस्थितिमा गरिएको अनुगमनका क्रममा जनकपुरधामस्थित मिथिला थाली प्रालिमा खाद्य स्वच्छता मापदण्डको उल्लंघन भएको पाइएको कार्यालयले जनाएको छ।

अनुगमनका क्रममा होटलले खानेकुरामा प्रयोग गर्न नहुने कृत्रिम रङ्ग मिसाएको भेटिएपछि करिब पाँच किलोग्राम ब्याटर (पिठोको घोल) नष्ट गरिएको थियो। साथै होटलको भान्छा अत्यन्तै अस्वच्छ रहेको, भान्छा र भाँडा धुने स्थान एउटै रहेको तथा यसअघि दिइएका निर्देशनसमेत कार्यान्वयन नगरेको पाइएपछि उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार सहायक प्रमुख जिल्ला अधिकारीमार्फत २५ हजार रुपैयाँ जरिवाना गरिएको हो।

यस्तै, रामानन्द चोकस्थित सृष्टि वैष्णव होटल पनि कारबाहीमा परेको छ । दर्ताबिनै होटल सञ्चालन गरेको र पटक–पटक प्रयोग गरिएको कमसल तेलमा जेरी तथा समोसा पकाएको भेटिएपछि उक्त होटललाई पनि २५ हजार रुपैयाँ जरिवाना गरिएको कार्यालयले जनाएको छ।

अनुगमन टोलीले यसै क्रममा जनकपुरधामका रघुपति मिष्ठान्न भण्डार, स्वादिष्ट नास्ता पसल, शुभलक्ष्मी नास्ता पसल, मोहन महाराजाजी नास्ता पसल, गुड्डु होटल र होटल सीराशरणमा समेत निरीक्षण गरेको थियो । ती व्यवसायमा सरसफाइको कमी, लेबलविहीन खाद्य सामग्रीको प्रयोग तथा मसीजन्य कागजमा खानेकुरा राखेर बिक्री गर्ने जस्ता कमजोरी भेटिएपछि तत्काल सुधार गर्न निर्देशन दिइएको छ।

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत डा. बालकुमारी शर्माका अनुसार अनुगमनका क्रममा आठवटा खाद्य व्यवसायको निरीक्षण गरिएको थियो । जसमध्ये गम्भीर त्रुटि देखिएका दुई होटलबाट कुल ५० हजार रुपैयाँ जरिवाना असुल गरिएको छ भने अन्य व्यवसायीलाई तोकिएको मापदण्ड पालना गर्न चेतावनीसहित सुधार गर्न निर्देशन दिइएको छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयले उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित खाद्य व्यवसायमा लापरबाही गर्ने जो–कोहीमाथि कानुनअनुसार कारबाही हुने स्पष्ट गर्दै आगामी दिनमा पनि बजार अनुगमनलाई थप प्रभावकारी बनाइने जनाएको छ।

# बोक्सीको आरोपविरुद्ध चेतना फैलाउन आवश्यक



**मधेशदृष्टि**
**महोत्तरी।**
प्रतिनिधिसभा सदस्य प्रमोद महतोले अन्धविश्वास, कुप्रथा र सामाजिक विभेद अन्त्य गर्न शिक्षा, जनचेतना र कानुनी कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्ने बताएका छन्।

महोत्तरीको गौशाला नगरपालिका–११ स्थित जनता उच्च माध्यमिक विद्यालय, भरतपुर खोरमा आज 'मान्छे बोक्सी हुन्न कहिल्यै' राष्ट्रिय जागरण प्रतिष्ठान नेपालद्वारा बोक्सीको आरोपबाट पीडित घटनास्थलहरूमा शिक्षा एवं चेतनामूलक कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले बोक्सीको आरोप लगाउने कार्य मानवअधिकारविरुद्धको अमानवीय व्यवहार भएकाले यस्ता घटनाको अन्त्यका लागि सबै पक्ष एकजुट हुनुपर्नेमा जोड दिए।

कार्यक्रममा 'मान्छे बोक्सी हुन्न कहिल्यै' राष्ट्रिय जागरण प्रतिष्ठान नेपालका अध्यक्ष कोविदशरण उपाध्यायले प्रतिष्ठानले देशका विभिन्न स्थानमा बोक्सीको आरोपबाट पीडित समुदायमा शिक्षा, सचेतना र अधिकारसम्बन्धी अभियान सञ्चालन गर्दै आएको जानकारी दिए । उनले अन्धविश्वासका कारण हुने हिंसा रोक्न समाजका सबै तहको सक्रिय सहभागिता आवश्यक रहेको बताए।

कार्यक्रममा बोक्सीको आरोपबाट पीडित इतरिया देवी रामले आफ्नो भोगाइ सुनाउँदै यस्ता घटनाले पीडित र परिवारमाथि गम्भीर सामाजिक तथा मानसिक असर पर्ने भएकाले समाजमा चेतना फैलाउनुपर्ने आवश्यकता औँल्याए।

गौशाला नगरपालिका–११ का वडाध्यक्ष रामपृत महतोको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्थानीय जनप्रतिनिधि, शिक्षक, विद्यार्थी, सामाजिक अभियन्ता तथा स्थानीयवासीको सहभागिता रहेको थियो। कार्यक्रममा बोक्सीसम्बन्धी अन्धविश्वास अन्त्य गर्दै मानवअधिकार, सामाजिक न्याय र समानताको प्रवर्द्धन गर्न सबैले साझा प्रयास गर्नुपर्नेमा जोड दिइएको थियो।

# न्याय माग्न जाँदा दुर्व्यवहार



**मधेशदृष्टि**
**सिरहा।**
गोलबजार नगरपालिका–११ बलकावामा करिब दुई महिनाअघि भएको कुटपिट घटनामा न्याय नपाएको गुनासो गर्दै इलाका प्रहरी कार्यालय गोलबजार पुगेका पीडित परिवारले प्रहरीले आफूमाथि दुव्र्यवहार गरेको र आफ्ना एक आफन्तलाई नियन्त्रणमा लिएको आरोप लगाएका छन् । प्रहरीले भने आरोप अस्वीकार गर्दै कार्यालयमा सिर्जना भएको होहल्ला नियन्त्रण गर्नका लागि मात्र एक जनालाई नियन्त्रणमा लिइएको जनाएको छ।

पीडित पक्षका अनुसार बाख्रासम्बन्धी सामान्य विवादबाट सुरु भएको झडपमा समसाद लहेरी, उनकी पत्नी जरिना खातुन तथा रुबो खातुन र कैस खातुनबीच कुटाकुट भएको थियो । झगडा छुट्याउन पुगेकी जरिना खातुनसमेत कुटपिटमा परेकी थिइन्।

घटनामा श्रीमान–श्रीमती दुवै घाइते भएपछि उनीहरूको सुरुमा गोलबजारस्थित निजी स्वास्थ्य संस्थामा उपचार गरिएको थियो। अवस्था गम्भीर बनेपछि थप उपचारका लागि विराटनगरस्थित न्युरो अस्पताल लगिएको र १२ दिन उपचारपछि घर फर्किएको परिवारले जनाएको छ।

पीडित परिवारका अनुसार घटनापछि वडा कार्यालयदेखि प्रहरी प्रशासनसम्म पटकपटक गुहार्दा पनि हालसम्म न्याय पाउन सकेका छैनन् । जरिना खातुनले घटनासम्बन्धी निवेदन दिएको करिब दुई महिना बितिसक्दा पनि प्रहरीले कुनै ठोस कारबाही अघि नबढाएको आरोप लगाइन्।

उनका अनुसार बिहीबार बिहान छलफलका लागि इलाका प्रहरी कार्यालय गोलबजारमा बोलाइए पनि विपक्षी पक्ष उपस्थित भएन। त्यसपछि आफूहरूलाई पटक–पटक बोलाएर फर्काइएको भन्दै गुनासो राख्दा प्रहरीले गालीगलौज गर्दै कार्यालयबाट बाहिर निकालेको उनको दाबी छ।

'हामी न्याय माग्न गएका थियौँ, तर न्याय दिनुको साटो उल्टै अपमान गरियो,' जरिना खातुनले भनिन्।

समसाद लहेरीले पनि प्रहरीको व्यवहारप्रति असन्तुष्टि जनाउँदै विरोध गरेपछि आफ्ना भतिजा अफ्ताव लहेरीलाई प्रहरीले नियन्त्रणमा लिएको दाबी गरे । 'हामी पीडित भएर न्याय खोजिरहेका छौं, तर हाम्रो कुरा कसैले सुन्न चाहेन,' उनले भने।

घटनाबारे प्रतिक्रिया लिन इलाका प्रहरी कार्यालय गोलबजारका इन्स्पेक्टर सुदन केसीसँग सम्पर्क गर्ने प्रयास गर्दा उनी प्रत्यक्ष सम्पर्कमा नआएको तथा कार्यालयभित्र प्रवेश गर्न नदिन ड्युटीमा रहेका प्रहरीलाई निर्देशन दिएको प्रत्यक्षदर्शीहरूले बताएका छन्।

यता जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता डीएसपी रमेशबहादुर पालले भने पीडित पक्षले लगाएका आरोप अस्वीकार गरेका छन् । उनका अनुसार घटनामा कुनै व्यक्तिलाई मुद्दाका आधारमा थुनामा नराखिएको र कार्यालयमा होहल्ला तथा तनावको अवस्था सिर्जना भएपछि स्थिति सामान्य बनाउनका लागि मात्र एक जनालाई नियन्त्रणमा लिइएको हो ।

डीएसपी पालले घटनाबारे थप जानकारी संकलन भइरहेको र आवश्यक अनुसन्धानपछि कानुनबमोजिम प्रक्रिया अघि बढाइने बताएका छन्।

पीडित पक्षले घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कानुनी कारबाही तथा प्रहरीको व्यवहारबारे समेत स्वतन्त्र अनुसन्धान गर्न सम्बन्धित निकायसँग माग गरेको छ।

# सर्वोच्चमा साउन ११ देखि नियमित सुनुवाइ हुने



**काठमाडौँ।**
सर्वोच्च अदालतमा आगामी साउन १ गतेदेखि ११ गतेसम्म नियमित सुनुवाइ नहुने भएको छ।

प्रत्येक नयाँ आर्थिक वर्षमा लगत सार्न नियमति सुनुवाइ रोकिने अभ्यास हुँदै आएको हुनाले नियमित सुनुवाइ साउन ११ गतेबाट हुने भएको हो। यसअघि, दुई हप्ता नियमित सुनुवाइ नहुने अभ्यास थियो।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार साउन आगामी साउन १ गतेदेखि ११ गतेसम्म बन्दी प्रत्यक्षीकरणका रिट निवेदनमा भने दर्ता तथा सुनुवाइ हुनेछ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन